नीतिगत सुधारसहित पर्यटन क्षेत्रलाई ... पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com


छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक ७४ • २०८१ साल साउन १७ गते विहीबार (1 August, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# 'तराईमा हुने आपराधिक गतिविधिमा राजनीतिक दलहरुको संलग्नता'

**टुडे समाचारदाता**



काठमाण्डु । सत्तारुढ नेकपा एमालेका सांसद तथा पूर्वमन्त्री रघुजी पन्तले तराईमा हुने आपराधिक घटनामा राजनीतिक दलका मानिसहरू नै संलग्न रहेको आरोप लगाएका छन् ।

बुधवार संघीय संसद प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा उनले यस्तो आरोप लगाएका छन् ।

तराईका नेताहरुले कुनै न कुनै रुपमा त्यहाँ हुने आपराधिक गतिविधिमा सम्बन्ध राखेका कारण प्रहरीले त्यहाँको अपराध नियन्त्रण गर्न नसकेको सांसद पन्तले जिकिर गरे ।

उनले सबै राजनीतिक दलका मानिसहरुको तराईमा आपराधिक गतिविधिमा सम्बन्ध भएकाले त्यहाँको अपराध नियन्त्रण गर्न सरकारले सो विषयमा विशेष ध्यान दिनुपर्ने बताए ।

सांसद पन्तले खुला सीमानाको नियमनका कडाई गर्नसके पनि नेपालको तराई क्षेत्रमा हुने आपराधिक गतिविधिमा आधा घटाउन सकिने दावीसमेत गरे ।

उनले भने, 'हाम्रो तराईतर्फको असुरक्षाको मूल कारण भनेको खुला सिमाना हो । त्यसकारण तराईको अपराध नियन्त्रण गर्ने हो भने खुला सिमानालाई नियमन गर्न शुरु गरौं, ' उनले भने, 'अब यो त प्रहरीको कन्ट्रोलमा छैन । तर त्यस अगाडि तराईका पोलिटिसियनहरुको कुनै न कुनै त्यहाँ हुने नकारात्मक गतिविधिसँग हामी सम्बन्ध पाउँछौं, यो दल, त्यो दल नभन्नुस् । तराईको यो समस्या पनि छ । अपराधका घटनामा पोलिटिकल मान्छेहरु इन्भल्भ भएपछि पुलिसलाई गाली गरेर रोकिन्न ।'

पूर्वमन्त्रीसमेत रहेका पन्तले सुरक्षाकर्मीलाई अत्यावश्यक वस्तुको अभाव हुन नदिन पनि सरकारलाई सचेत गराए ।

## जनलोकपाल आयोग निरीह

# प्रदेश सरकारले नै टेर्दैन आयोगलाई

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश जनलोकपाल आयोग औचित्यहीन बन्न पुगेको छ । प्रदेश सरकारले नै यसको औचित्यमाथि प्रश्नचिन्ह खडा गरी उदासीन भएका कारण आयोग आफ्नो औचित्य साबित गर्नमा असफलताको दोसाँधमा पुगेको हो ।

प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले २०७७ भदौ २२ गते जनता समाजवादी नेपाल , सभामुख र नेकपा समाजवादीका कोटाबाट पदाधिकारी नियुक्त गरी प्रदेश जनलोकपाल आयोगलाई पूर्णता दिएका थिए ।

मुख्यमन्त्री राउतले जसपा नेपालबाट अध्यक्षमा रामसहाय यादव , सदस्यहरुमा सभामुखको कोटाबाट राजकिशोर साह र नेकपा समाजवादीका तर्फबाट शोभा महतोलाई नियुक्त गरे ।

गठन भएको केही दिनमै जनलोकपाल आयोगका अध्यक्षले गाडीको रंग परिवर्तन गर्न लगाएको र एक सदस्यले दोहोरो सुविधा लिएको जस्ता प्रसंगमा निकै समयसम्म अल्भिनु परेको थियो ।

आर्थिक सुशासन र पारदर्शीता कायम गर्ने उद्देश्य राखी अख्तियार दुरुपयोग आयोगकै प्रकृतिको प्रदेश लोकपाल गठन गरी तत्कालीनको सरकारद्वारा अन्य प्रदेशभन्दा अग्रगामी हुने कार्य गरेको दाबी गरिएको थियो । आर्थिक सुशासन र पारदर्शीताको कायम गर्ने नयाँ संयन्त्रका रुपमा अन्यत्र प्रचार प्रसार पनि गरियो ।

मुख्यमन्त्री राउतकै कार्यकालमा आयोगको काम कारवाही , क्षेत्रका बारेमा अन्योल सिर्जना भयो भने मुख्यमन्त्री सरोजकुमार यादवको कार्यकालमा बेवास्ताबाट आक्रान्त हुँदै मुख्यमन्त्री सतीशकुमार सिंहको नेतृत्वको सरकारबाट उपेक्षाको अवस्था रहेको




आयोगका पदाधिकारीको गुनासो छ ।

आयोगका अध्यक्ष यादव नियमावली र कर्मचारीको अभावमा आर्थिक सुशासनको कार्यले मुर्तरुप लिन नसकेको स्वीकार गर्दै भने - जिम्मेवारी ग्रहण गरेको तीन वर्ष पूरा लाग्दासम्म आयोगको उपलब्धि देखाउन सकेका छैनौं , सरकारले आयोगप्रति ध्यान नदिएका कारण निरीह भएका छौं ।

कार्यालयमा पदाधिकारी आउने बाहेक अन्य कुनै पनि काम भइरहेको छैन । सरकार परिवर्तनसँगै यसको उपादेयतामाथि प्रश्नचिन्ह खडा गरेदेखि नै नियमित कार्यालयमा आउने अतिरिक्त अन्य कार्यले गति लिन नसकेको आयोगका पदाधिकारीको भनाइ छ ।

प्रदेशमा विद्यमान बेथितिलाई न्यूनीकरण गर्दे सुशासन कायम ,कानुनी रुपमा तयार रहेको अवस्थामा सरकारले काम गर्न आवश्यक स्रोत उपलब्ध नगराउँदा दैनिक कार्यालय आए पनि काम बिना नै फर्किनु पर्ने बाध्यता रहेको ओयागका सदस्य साहको कथन छ ।

पूर्वको सरकारभैं वर्तमान सरकारका नेतृत्वकर्ताले ध्यान नदिएको बताउँदै सदस्य साहले भने -आफूहरुले मुख्यमन्त्री सतीशकुमार सिंहसँग आयोगको समस्या सुनाउँदा उहाँले खासै चासो लिनु भएन ।

प्रदेश सरकारले नै गठन गरेको आयोगप्रतिको अस्पष्टताको मुख्य कारक विरोधाभासको अवस्था भएको सांसद रामअशीष यादवको कथन छ ।

आयोगसमक्ष आउने उजुरीउपर आवश्यक छानबिन गरी आवश्यक देखिएमा थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सिफारिस गर्ने कार्य निर्धारण गर्नु नै आयोगको उपादेयतामाथि प्रश्न चिन्ह हुनुको कारक रहेको सासद यादवको भनाइ छ ।

आयोगका अध्यक्ष यादवले मुख्यमन्त्री सिंहले अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहेको अवस्थामा प्रदेश जनलोकपाल आयोगको कुनै औचित्य नरहेको भन्दै वास्ता नगरेको बताए ।

जनलोकपाल आयोगले सिफारिस गरेका लाई अख्तियारले अनुसन्धान गर्ने वा नगर्ने पक्ष विचारणीय छ ,यसको विकल्प पनि खोज्न सकिन्छ तर भविष्यको कुरालाई लिएर जनलोकपालको औचित्य नै छैन भन्नु उचित नरहेको अध्यक्ष यादवको भनाइ छ ।

आयोग गठन भएदेखि ४२ वटा उजुरी आयोगमा दर्ता भएकोमा नियमावली र जनशक्तिको अभावमा कुनै पनि उजुरीउपर आयोगले अनुसन्धान गर्न नसकेको तथा ३३ जना कर्मचारीको दरबन्दी रहेको आयोगमा अहिलेसम्म जम्मा एक जना कर्मचारी कम्प्यूटर अपरेटर मात्रै रहेको बताइन्छ ।

आयोगको निर्देशनलाई सरकारले ने नटेरेको आयोगका पदाधिकारीहरुको गुनासो छ । सर्लाहीको बम्हपुरी गाउँपालिकाको भिम नदीको किनारामा निर्माण भइरहेको मसानघाटमा अनियमितता भएको उजुरी आयोगमा पर्दा तत्काल सो कार्यक्रमको फाइल भौतिक पर्वाधार तथा विकास मन्त्रालयबाट भिकाएर आयोगले भुक्तानी रोक्न मन्त्रालयलाई निर्देशनदिंदा मन्त्रालयले आयोगको निर्देशनलाई बास्ता नै नगरी भुक्तानी गरेको बताइन्छ ।

त्यसै गरी तत्कालीन अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले सिंचाइसम्बन्धी कार्यक्रम प्रक्रिया नपुऱ्याइ आफ्नो जिल्ला सप्तरी लगेकोमा आयोगले सो कार्यक्रम सम्बन्धी सम्पूर्ण कागजात अर्थ मन्त्रालयसँग माग गर्दा मन्त्रालयले वास्ता नगरी कागजात नपठाएको गुनासो आयोगका पदाधिकारीको छ ।

कार्यकर्ता व्यवस्थापनका लागि मात्रै सरकारले आयोगको गठन गरे पनि गठन गरिएको आयोगबाट आफै फन्दामा फस्ने त्रास यसलाई निरीह बनाउनुको रहस्य हुनसक्ने चर्चा पनि छ ।







# अध्यक्ष नेपालको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन



काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले केन्द्रीय कमिटीलाई पूर्णता दिन अध्यक्ष माधवकुमार नेपालको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरेको छ।

पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बुधबार बसेको केन्द्रीय कमिटी बैठकले गठन गरेको कार्यदलमा सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसाल पनि हुनुहुन्छ।सबै प्रदेशले केन्द्रीय सदस्यका लागि केन्द्रमा पठाएको सिफारिसका आधारमा नेताहरूको योगदान र क्षमताको मूल्याङ्कन गरी कार्यदलले पदाधिकारी र केन्द्रीय सदस्यको नाम सिफारिस गर्ने नेता सोमप्रसाद पाण्डेयले जानकारी दिनुभयो।

विधानअनुसार पार्टीमा दुई सय ९९ सदस्यीय कार्यसमिति तथा २१ पदाधिकारीको व्यवस्था गरिएको छ। समावेशिताको अनुपात र संख्याअन्तर्गत दलित, आदिवासी जनजाति र खुला समूह निर्धारण गरी क्लष्टर छुट्टाइएको छ। समावेशी महिला र समावेशी २५ देखि ४५ वर्षको उमेर समूह तथा खुला उमेर समूह निर्धारण गरिएको छ।

हालै सम्पन्न महाधिवेशनले अध्यक्ष, सम्मानित नेता र महासचिवसहित तीन पदाधिकारी, ९० केन्द्रीय सदस्य सर्वसम्मत चयन गरेकाले बाँकी दुई सय छ केन्द्रीय सदस्य पद रिक्त छन्। बैठकमा मुलुकको समसामयिक राजनीतिक विषयवस्तुको समीक्षाका साथै पार्टीको भावी कार्ययोजनाबारे छलफल गरिएको जनाइएको छ।रासस

# औद्योगिक वातावरण निर्माणमा सरकार प्रतिबद्ध छ : मन्त्री खड्का

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले औद्योगिक वातावरण निर्माणमा सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल उद्योग परिसङ्घले बुधबार सिंहदरबारस्थित मन्त्रालयमा गरेको भेटमा उहाँले मुलुकको ऊर्जा क्षेत्रको विकासका क्रममा देखिएका नीतिगत समस्या समाधान गर्दै औद्योगिक वातावरण निर्माणमा सरकार लागेको बताउनुभएको हो। "सरकारले १० वर्षमा २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ, उक्त लक्ष्यलाई पूरा गर्न देखिएका अफठ्यारालाई हल गर्दै सरकार अगाडि बढ्छ", मन्त्री खड्काले भन्नुभयो।

ऊर्जा क्षेत्रको विकासका लागि सरकारले निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्ने बताउनुहुँदै मन्त्री खड्काले उद्योगी व्यवसायीको आम्दानी वृद्धि हुने गरी सरकारले काम गर्ने भएकाले सोहीअनुसार कर तिर्नसमेत व्यवसायीलाई आग्रह गर्नुभयो।

भेटमा नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेश अग्रवालले अझै पनि कतिपय उद्योगीले लोडसेडिङको समस्या भोग्नुपरेकाले समाधानका लागि सहजीकरण गर्न मन्त्रीसमक्ष आग्रह गर्नुभयो। उहाँले ऊर्जा उत्पादनलाई बढाउनका लागि सरकारले विद्युत्सँगै वैकल्पिक ऊर्जामा ध्यान दिनुपर्ने बताउनुभयो। गुणस्तरीय बिजुली नभई देशको विकास हुन नसक्ने उहाँको भनाइ थियो।रासस

# लोसपा हंसपुरद्वारा सुशासनको प्रत्याभुति दिलाउन नगरपालिकालाई ज्ञापन



टुडे समाचारदाता

जनकपुरधाम। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल हंसपुरले नगरपालिकाले आर्थिक अनियमितता गरेको र जनतालाई सुशासनको प्रत्याभूति दिलाउन नसकेको भन्दै नगरप्रमुखलाई ज्ञापन पत्र बुझाएको छ।

पार्टीका तर्फबाट हंसपुरका पूर्वनगरप्रमुख रामज्ञान मण्डलले नगरप्रमुख प्रदीप यादवलाई ज्ञापनपत्र, ध्यानाकर्षण पत्र बुझाएका हुन्।

पार्टीले बुझाएको ज्ञापनपत्रमा हंसपुर नगरपालिकामा नयाँ नेतृत्व आएको २ वर्ष ६ महिना बित्दा पनि जनताले सुशासन र सेवा अनुभूति गर्न नसकेको, पालिकाले अनेकानेक शीर्षकमा भ्रष्टाचार गरेको, अनियमितता गरेको भनेर बुँदागत हिसाबले विभिन्न शीर्षकसमेत उल्लेख गरिएको छ। पार्टीले बुझाएको ज्ञापनपत्रमा पालिकाले भवनसमेत बनाउन नसकेको र स्थानीय सरकारको काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता नभएको आरोप लगाइएको छ।यस्तै,नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ (४ ख) अनुसार, योजना तथा कार्यक्रम अनुगमन गरी प्रतिवेदन नबुझाइएको, आयव्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था रहेकामा यो अनुसार काम नभएको दाबी गरेको छ।

पार्टीले स्थानीय तहले आर्थिक योजना बनाई लागू गर्नु पर्ने व्यवस्थामा हंसपुरले यस्तो नगरेको तथा आयोजना प्राथमिकीकरण आधारमा गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिताका काममा पनि पारदर्शीपन नदेखिएको बताएको छ। योजना छनौटमै खोट पाइएको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पालना नभएको, जिन्सी मालसामानको लागत खडा नभएको, सार्वजनिक सेवाप्रवाह प्रभावकारी नबनाएको, सार्वजनिक परीक्षण र सार्वजनिक सुनवाई नभएको पार्टीले बुझाएको ज्ञापन पत्रमा उल्लेख छ। एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहालबिरोधी शुल्क उठाउने व्यवस्थामा पनि नगरपालिकाले अपांग बनाएको लोसपाको आरोप छ।

नगरपालिकाले नियमविपरीत करार र ज्यालादारी कर्मचारी नियुक्त गरेको आरोप लोसपाको छ। यस्तै, नगरका सर्वसाधारणले मलखाद, उन्नत जातका बिउबिजन, सिँचाइ सुविधा नपाइएकोबारे पार्टीले ध्यानाकर्षण गराएको छ। यस्तै, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा पनि नगरले प्रभावकारी कार्य नगरेको भन्दै लोसपाले ध्यानाकर्षण गराएको छ।

लोसपाका हंसपुर अध्यक्ष लालबाबु यादवको हस्ताक्षर रहेको ज्ञापन पत्रमा हंसपुरले निर्माण गरेको १० शैयाका प्राथमिक अस्पताल बघचौडामा टेण्डर शुरुदेखि नै अनियमितता गरेको लोसपाको आरोप छ। अन्य थुप्रै योजना र ठेक्काहरुमा सार्वजनिक खरिद ऐनविपरीत कार्य भएको बताइएको छ। यस्तै, नगरपालिकाले ४३ लाख ६० हजार रुपैयाँ भन्दा बढीको इन्धन खरिद गरेर बदमासी गरेको लोसपाले छानबिन गर्न माग गरेको छ। अन्य विभिन्न शीर्षकमा पनि नगरपालिकाको नेतृत्वले बदमासी गरेको लोसपाको आरोप छ।


# पवनकलीको घाउ भरिदै

**टुडे समाचारदाता**

वीरगञ्ज। जंगली भाले हात्ती (मत्ता) को आक्रमणबाट घाइते पर्सा बन्यजन्तु आरक्षकी पालुवा हात्ती पवनकलीको घाउ आधा पुरिदै गएको छ।

निकुञ्जका सूचना एवम् संरक्षण अधिकृत सन्तोष भगतले निकुञ्जकी पालुवा हात्तीमध्ये सबैभन्दा वृद्धा ७२ वर्षीया पवनकलीको दाहिने कोखामा रहेको २ फिट गहिरो घाउ एक महिना यता निरन्तरको उपचारपछि करिब एक फिट भरिएको छ।

असार ७ गते पवनकलीलाई निकुन्जको रामभौरीभाठा पोष्टमा रातिको समयमा आएको जंगली हात्तीले दाराले हानेर घाइते बनाएको थियो सामान्यतः



मत्ताले ढोइलाई यसरी आक्रमण गर्दैन। तर यो घटनामा भने आश्चर्यजनक रुपमा जंगली मत्ताले पवनकली उपर आक्रमण गरेको उनले बताए।

निकुञ्जको आधाभारस्थित कार्यालयबाट दैनिक भेटेरिनरी चिकित्सक चन्द्रकला राना मगरसहितको टोली करिब २० किमी उत्तर पश्चिम दुरीमा रहेको रामभौरीभाठा पोष्टमा पुगेर पवनकलीको घाउको ड्रेसिंग गर्ने गरेको भगतले बताए।

ढोइले यौन सम्पर्कको मामिलामा मानिस सरहनै व्यवहार गर्ने गरेको उनले बताए।

निकुञ्जको अमलेखगञ्ज हात्तीसार तथा विभिन्न पोष्टहरुमा गरी हाल १० हात्तीको दरबन्दी रहेको छ। ती हात्ती पर्यटकलाई निकुन्ज भ्रमण गराउन तथा गस्ती प्रयोजनमा प्रयोग हुन्छ।

# सवारी दुर्घटनाबाट एक वर्षमा एक सय ७२ को मृत्यु

अत्तरिया। गत आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशमा सवारी दुर्घटनाबाट एक वर्षमा एक सय ७२ जनाको मृत्यु भएको छ।

सो अवधिमा सवारी दुर्घटनाबाट एक सय ३७ पुरुष, २३ महिला, सात बालक र पाँच बालिकाको मृत्यु भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय अत्तरियाका प्रवक्ता प्रहरी नायब उपरीक्षक अनिलकुमार उप्रेतीले जानकारी दिनुभयो। उहाँका अनुसार सवारी दुर्घटनामा परी गम्भीर र सामान्य गरी पाँच सय ३६ जना घाइते भएका छन्। जम्मा तीन सय नौवटा सवारी दुर्घटना भएका थिए। दुर्घटना भएका सवारी साधनमध्ये सबैभन्दा बढी मोटरसाइकल रहेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार दुई सय सात मोटरसाइकल, ५० जिप/कार, ४० ट्र्याक्टर, २४ बस, १७ टेम्पो, १९ ट्रक/ट्याङ्कर, नौ टिप्पर, सात माइक्रो, तीनवटा डोजर र ३० अन्य सवारी साधन गरी चार सय छवटा सवारी साधन दुर्घटना भएका थिए। दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको उहाँको भनाइ छ। रासस

# उद्योगमन्त्री भण्डारीसँग चिनियाँ राजदूत सोङको भेट

काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग नेपालका लागि चिनियाँ राजदूत चेन सोङले शिष्टाचार भेट गर्नुभएको छ।

उद्योग मन्त्रालयमा बुधबार भएको भेटका क्रममा मन्त्री भण्डारीले नेपाल र जनवादी गणतन्त्र चीनबीचको सम्बन्ध ऐतिहासिक तथा राजनीतिक एवं सांस्कृतिक रुपमा पनि निकै घनिभूत रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "दुई देशबीचको जनस्तरको सम्बन्ध तथा आपसी सहयोगले नेपाल-चीनबीचको सम्बन्धको आयामलाई थप विस्तार गरेको अनुभूति गरेको छु, नेपाल सदैव एक चीन नीतिप्रति प्रतिबद्ध छ र चीन विरोधी कुनै पनि कसिमका गतिविधिका लागि आफ्नो भूमिको दुरुपयोग हुन नदिने सङ्कल्पमा नेपाल सरकार दृढ रहेको स्पष्ट पार्न चाहन्छु।"



नेपाल चीनको शान्ति, स्थायित्व एवं विकासमा योगदान गर्न प्रतिबद्ध रहेको विश्वास दिलाउँदै मन्त्री भण्डारीले पछिल्ला वर्षहरूमा दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई थप प्रवर्द्धन गर्न महत्वपूर्ण उच्चस्तरीय भ्रमणहरुको आदानप्रदान भएको बताउनुभयो।

"यस्ता उच्चस्तरीय भ्रमणहरुका क्रममा व्यापार, 'कनेक्टिभिटी' र द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ पार्ने उद्देश्यले धेरै सहमति तथा समझदारीहरु भएका छन्, यस्ता किसिमका भ्रमणको आदानप्रदानले दुई देशबीचको सम्बन्ध र सहयोगका क्षेत्रहरु थप विस्तारित र समृद्ध हुनेमा म विश्वस्त छु", मन्त्री भण्डारीले भन्नुभयो। नेपालको सामाजिक तथा आर्थिक विकासका लागि चीन महत्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रुपमा रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "व्यापारको क्षेत्रमा चीन नेपालको दोस्रो ठूलो साझेदार हो भने प्रत्यक्ष वैदेशिक लगानीका क्षेत्रमा पहिलो लगानीकर्ता मुलुक हो, नेपालको भौतिक तथा व्यापार 'लजिस्टिक्स' पूर्वाधार, अन्तर-आबद्धता, ऊर्जा, व्यापार, कृषि तथा औद्योगिक विकासका क्षेत्रमा चीनले खलेको महत्वपूर्ण भूमिकाको सरहाना गर्न चाहन्छु।"

मन्त्री भण्डारीले द्विपक्षीय नाकाहरु पुनः सञ्चालनमा आएपछि दुई देशीय व्यापारको मात्रा उल्लेख्य रूपमा बढेको उल्लेख गर्नुभयो। दोस्रो ठूलो व्यापार साझेदार भए पनि आयात र निर्यातबीच ठूलो खाडल देखिएको उहाँको भनाइ छ। "हामी हाम्रो व्यापार पूर्वाधार विकास गर्न, यातायात सञ्जालको स्तरवृद्धि गर्न, भन्सार सुविधाहरूमा सुधार गर्न र हाम्रो 'लजिस्टिक्स' प्रणालीलाई आधुनिकीकरण गर्न इच्छुक छौं, यी क्षेत्रमा चीनको विशेषज्ञता र लगानीको लाभमार्फत हाम्रो औद्योगिक विकास र दुई देशीय व्यापारलाई उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ भन्ने हाम्रो बुझाइ छ", उहाँले भन्नुभयो।

चिनियाँ सरकारको सहयोगमा रसुवाको टिमुरेमा निर्माणाधीन सुक्खा बन्दरगाह तोकिएको मितिमा सम्पन्न हुनेमा मन्त्री भण्डारीले विश्वास व्यक्त गर्दै मुस्ताङको कोरालामा पूर्वाधार विकास गर्ने विषयमा नेपाल र चीन सरकारबीच सैद्धान्तिक रुपमा सहमति भइसकेकाले छिट्टै कार्यान्वयनमा जाने उल्लेख गर्नुभयो।रासस

# ललितपुरका विभिन्न स्थान डुबानमा, २४ जनाको उद्धार

काठमाण्डु। गए राति परेको अविरल वर्षाका कारण ललितपुरका विभिन्न स्थान डुबानमा परेका छन्।

ललितपुर प्रहरी परिसरका सूचना अधिकारी नरेशराज सुवेदीका अनुसार गए रातिको अविरल वर्षाका कारण ललितपुर महानगरपालिका-९ स्थित नेपाल कम्युनिष्ट पार्टी (एमाले)को कार्यालय र च्यासल फुटबल मैदान जलमग्न भएको छ।

"डुबानमा परेका क्षेत्रमा उद्धारका लागि हामीले बुधबार बिहान १ बजेदेखि प्रहरी परिचालन गरेका थियौँ, बाढीको चपेटामा परेका तीन बालक, आठ महिला र १३ पुरूष गरी विभिन्न स्थानबाट २४ जनाको उद्धार भएको छ, अझै उद्धारको काम जारी छ", सूचना अधिकारी सुवेदीले बताउनुभयो।

ललितपुरमहानगरपालिका-२ सानेपा, वडा नं ९ शत्त मुल, वडा नं १ कुपण्डोल, महालक्ष्मी नगरपालिका-७चाँगाथलीलगायत क्षेत्रमा बाढी पसेको छ। महालक्ष्मी नगरपालिका-९लाकुरीभञ्ज्याङको सिस्नेखर्कमा पहिरो खस्दा काभ्रेपलाञ्चोकतर्फ जाने सडक अवरूद्ध भएको छ। बाढीका कारण गोदावरी नगरपालिका-१ दमाइटार सातथलीमा खड्कनन्द दाहालले सञ्चालन गरेको



फार्मका चार सय कुखुरा मरेका छन्। बाढीकै कारण महालक्ष्मी नगरपालिका-८ लुभुको तल्लो चौतारास्थित पिपलको बोट ढलेर सडक अवरुद्ध भएको छ।

यसैगरी, पहिरोले बागमती गाउँपालिका-३ पाङ् दुरडोल र टार्कुचेमा पहिरो खस्दा कान्तिलोकमार्ग पूर्ण रूपमा अवरुद्ध भट्टेडाँडा प्रहरी चौकीका प्रमुख उद्धव महतले राससलाई जानकारी दिनुभयो।रासस


## कागजात हरायो

मिती २०८१।४।१३ गते रामानन्दचौक खानेपानी कार्यालयबाट देवान पोखरीसम्म आउने क्रममा मेरो निम्न कागजात हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा खबर गरिदिनुहन अनुरोध गर्दछौ।

**नाम : सरोज साह**
**ठेगाना : सबैला न.पा.३, धनुषा**
**हराएको कागजातहरु :**
Emirates ID card No. 784-1978-9463617-0
**दुबई इस्लामिक बैंकको डेबिट कार्ड क्रेडिट कार्ड**
**दुबई सिम कार्ड ०५२९९१५८१७**
**दुबई ड्राइभिङ्ग लाइसेन्स नं. १४९९३१८**
**नेपाली सिटिजेन्स बैंकको एटीम**
**मो.नं. : ९८१९७४२९९२**


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : धन वृद्धि सञ्चय। |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भारतको उत्तर प्रदेश राज्यको आग्रास्थित प्रसिद्ध पर्यटकीयस्थल ताजमहल । ताजमहल विश्वका सात आश्चर्य स्थलमध्ये एक मानिन्छ । ताजमहलको निर्माण शाहजहाँ ले १६३१ मा पत्नी मुमताज महलको सम्झनामा निर्माण गरिएको हो । *तस्बिरः रासस*

# वीरगञ्जमा विद्युत कटौतीले सर्वसाधारण आजित

वीरगञ्ज । औद्योगिक तथा व्यापरिक नगरी वीरगञ्जमा पटक-पटक विद्युत कटौती हुने समस्याबाट ग्राहक आजित भएका छन् । वर्षायाममा नदी प्रवाहमा आधारित जलविद्युत् आयोजनाले पर्याप्त मात्रामा विद्युत उत्पादन गरेपनि यहाँका घरासयी र औद्योगिक ग्राहकहरु दिनहुँ विद्युत कटौती हुने समस्याबाट आजित भएका हुन् । अत्यधिक गर्मी बढेपनि पटक-पटक हुने लोडसेडिङले सर्वसाधारणको दैनिकी अस्तव्यस्त बनेको छ । वीरगञ्ज महानगरको बजार क्षेत्रमा बिजुली कति बेला आउने र जाने कुनै निश्चित छैन । नियमित बिजुली नहुँदा सर्वसाधारण गर्मीमा बस्न बाध्य छन् ।



वीरगञ्ज महानगरपालिका-५ रेशमकोठीका परशुराम कलवारले गर्मीयाममा छिन-छिनमा विद्युत कटौती हुने समस्याले हैरानी खेप्नुपरेको गुनासो गर्नुभयो । "वीरगञ्ज जस्तो अत्यधिक गर्मी हुने ठाउँमा पटक-पटक लोडसेडिङ हुँदा बाफिएर बस्नुपरेको छ," उहाँले भन्नुभयो, "प्राधिकरणले कुनै ठाउँमा नियमित बिजुली दिने कतै नदिने समस्या छ । विशेष गरी मिनाबजार-गहवामाइमन्दिर रेशमकोठी बिर्ता एरियामा दिन होस या रात विद्युत कटौती नभएको दिनै हुँदैन । यसरी विद्युत काट्नुभन्दा लोडसेडिङको तालिका दिए जाती हुने थियो ।" वीरगञ्ज आसपासमा आज बिहान केही समय पानी परेको थियो । त्यस बाहेक यहाँ नियमित पानी नपर्दा गर्मी बढ्दो छ । विद्युत नियमित आपूर्ति नहुँदा जनजीवन प्रभावित भएको छ । गर्मीकै कारण वीरगञ्ज महानगर आसपासमा एसी तथा पङ्खा नचलाई बस्न सकिने अवस्था छैन ।

वीरगञ्जसहित पर्साभरि विद्युत् आपूर्तिका समस्यालाई मध्यनजर गर्दै नेपाल तरुण दल पर्साले मङ्गलबार नेपाल विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्रमा पुगेर ध्यानाकर्षण गराएको थियो । तरुण दल पर्साका सभापति विकास तिवारी नेतृत्वको टोलीले विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुबेलाई ज्ञापनपत्र बुझाएको हो । उनीहरुले विद्युत् आपूर्तिमा देखिएको समस्या तत्कालै सम्बोधन गर्न माग गरेका थिए । सर्वसाधारणको घरमा मात्रै होइन, बारा-पर्साको औद्योगिक क्षेत्रमा पनि विद्युत कटौतीको समस्या उस्तै छ ।

औद्योगिक क्षेत्रका ग्राहकले विद्युत् नियमित पाउन सकिरहेका छैनन् । वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले बारा-पर्सा औद्योगिक क्षेत्रमा अहिले विद्युत्को नियमित आपूर्ति हुन नसकेको बताउनुभयो । "अहिले पनि औद्योगिक क्षेत्रमा अघोषित रुपमा दैनिक तीन देखि चार घण्टा बिजुली कटौती भइरहेको छ," उहाँले भन्नुभयो, "बरु लोडसेडिङ भनेर विद्युत् कटौती गरे कम्तीमा यति समयपछि आउँछ भनेर ढुक्क हुने अवस्था हुन्थ्यो ।" नियमित र भरपर्दो विद्युत् आपूर्ति नहुँदा उद्योग व्यवसाय धरासयी भएको उहाँको भनाइ छ।'

उहाँले बारा-पर्सा औद्योगिक क्षेत्रमा दैनिक तीन-चार सय मेगावाट भए पनि पर्याप्त मात्रामा प्रसारणलाइन नहुँदा बारम्बार विद्युत् कटौती हुने समस्या भोगिरहेको बताउनुभयो । "वीरगञ्जको बजार क्षेत्रमा अधिकांशले एसी र पङ्खा प्रयोग गरिरहेका छन् । अर्कोतर्फ विद्युतीय सवारीसाधन पनि चार्जिङ गर्ने भएकाले घरासयी बिजुलीको खपत बढिरहेको छ । तर, माग अनुसार विद्युत् आपूर्ति गर्ने वितरण प्रणालीको विकास नगर्दा विद्युत् कटौती हुने समस्या व्याप्त छ," उहाँले भन्नुभयो, "अहिले विद्युत् प्राधिकरणमा राम्रोसँग लोड व्यवस्थापन गर्न नसक्दा लोडसेडिङ हुने समस्या कायम छ ।"

नेपाल विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका प्रमुख अबधेशकुमार दुबेले 'भोल्टेज डाउन' भए पनि करेन्ट बढेकाले समस्या आएको जानकारी दिनुभयो । "बेला-बेलामा बिजुलीको मुख्य लाइन, बिजुलीको तार वा ट्रान्सफर्मरलगायतमा हुने आगजनीका कारण मर्मतसम्भार गर्न विद्युत् कटौती गर्नुपरेको छ," उहाँले भन्नुभयो, "अहिले अधिकांश तराई क्षेत्रमा विद्युत् आपूर्तिमा समस्या छ ।"

प्रमुख दुबेले वीरगञ्ज आसपासमा अत्यधिक गर्मी बढेसँगै विद्युत्को माग बढ्दा सोहीअनुरूप पूर्वाधार नहुँदा आपूर्तिमा केही असहज भएको बताउनुभयो । "गर्मी बढेसँगै यस क्षेत्रमा विद्युत्को लोड ह्वातै बढेको छ । लोड बढेको अवस्थामा कुनै ठाउँमा आगलागी हुन्छ । कुनै ठाउँमा तार जल्ने गर्छ । सो ठाउँमा मर्मतसम्भारका लागि केही समय लाग्ने गर्छ," उहाँले भन्नुभयो, "हामी पनि सुरक्षित हुँदै विद्युत् मर्मतसम्भार गरिरहेका छौं ।" वीरगञ्ज आसपासमा अव्यवस्थित रहेका केबल तथा अन्य इन्टरनेट सेवाप्रदायक कम्पनीका तारमा बारम्बार आगजनी हुने हुँदा समस्या भइरहेको उहाँको भनाइ छ । प्रमुख दुबेले विद्युत् कटौती भएका स्थानमा उपलब्ध स्रोतसाधन प्रयोग गरेर काम गरिरहेको दाबी गर्नुभयो । "वीरगञ्ज आसपासमा माग अनुसारकै विद्युत्को आपूर्ति भइरहेको छ । यसमा कुनै समस्या छैन," उहाँले भन्नुभयो, "बारा र पर्सा करिडोरमा करिब तीन सय मेगावाट विद्युत माग छ ।"रासस

# मिथिलामा मधुश्रावणी पर्वको रौनक

जनकपुरधाम । जनकपुरधामसहित सम्पूर्ण मिथिला क्षेत्रमा अहिले मधुश्रावणी पर्वको रौनक देखिएको छ । यस पर्वबाट नवविवाहिता महिलाले वैवाहिक जीवन जिउने पाठ सिक्ने गर्दछन् । मिथिलाञ्चलका नवविवाहिता महिलाहरुले गत बिहीबारबाट मधुश्रावणी व्रत सुरु गरेका छन् । साउन महिनाको मौना पञ्चमी तिथिदेखि सुरु हुने मधुश्रावणी व्रत १५ दिनसम्म मनाइने गरिन्छ । देव, ब्राह्मण, कर्ण तथा सोनार जातको नवविवाहिता महिला समिति रहेको यसपर्व अहिले सबै जातजातिका नवविवाहिताले अखण्ड शौभाग्यवती, पतिको दीर्घायुको तथा परिवारको सुख शान्तिको कामना गर्दै मिथिलाञ्चलमा 'मधुश्रावणी' मनाउने गरेको जनकपुरधाम किशोरी टोलकी ज्योतिदेवी झाले जानकारी दिनुभयो ।

मिथिला संस्कार र परम्पराअनुसार नवविवाहिता मैथिल महिलाका लागि 'मधुश्रावणी' महत्वपूर्ण पर्वमध्ये एक हो । यो व्रत श्रावण शुक्ल तृतीया तिथिसम्म मनाइन्छ । यो पर्व नवविवाहिता महिलाले माइतमा बसेर मनाउने गर्छन् । पर्वको एक दिन पहिले नवविवाहिता महिलाको घरबाट आएको नयाँ लुगा, नाग नागिन पूजा गर्न, फूल चढाउन र व्रतालु महिलालाई खानका लागि फल, चना, चामल गौर गढेर पठाउने चलन रहेको झाले बताउनुभयो । व्रतको अघिल्लो दिन व्रतालु महिला बिहानै नुहाइधुवाइ गरेपछि लसुन प्याज, माछा, मासु नून बारेर शुद्ध चोखो खान्छन् ।



प्रेरित गर्दछ, भने सर्पका वंशको बारेमा चर्चित कथाले नागको पूजा गर्ने भावनालाई अभिप्रेरित गर्ने जनविश्वास रहेको महेन्द्रनगर धनुषाकी गीता देवीझाले बनाउनुभयो । तृतीया तिथिको दिन तथा अन्तिम दिनलाई मधुश्रावणी भनिन्छ । त्यसदिन फेरि घरबाट व्रतालु महिलाका लागि खानेकुरादेखि लगाउने लुगासमेत पठाउने गर्छन् ।मिथिलामा चाडपर्व र संस्कृतिको विशेष महत्व छ । ज्ञान र विद्याको रूपमा परिचित थलो मिथिलमा महिलाको उच्च स्थान रहदै आएको छ । नेपाल र भारतमा मनाइने मधुश्रावणी पूजालाई कतै हरियाली तीज, श्रावणी द्वितीया भन्ने चलन पनि छ ।

यस व्रतमा चढाइने बेलपात, मानको पात, धानको लावा, गाईको दूध, फलफूल, खिरलगायत अधिकांश परिकार प्रकृतिसँग जोडिएकाले यस नवविवाहिता बधुहरूले पूजा र अनुष्ठान गर्दै देवी पार्वती (गौरी), सूर्य, चन्द्र, नवग्रह, नागको विधिवत पूजा गर्छन् । मधुश्रावणीको अन्तिम दिन अर्थात् श्रावण शुक्ल तृतीयाको दिन नवविवाहिता बधुको घरबाट पूजा सामग्रीका साथै पकवान र नवबस्त्र उपहार आउँछ, सोही पूजा सामग्रीबाट पूजा समापन गरिन्छ । पूजाको अन्त्यमा महिलालाई प्रसादस्वरूप गुलियो खान दिइने गरिन्छ । यस पर्वमा हरेक दिन पूजाको अघिल्लो दिन साँझपख फूल, पात आदि एकत्रित गरेर बाँसको डालामा सजाइने गरिन्छ ।

त्यही फूलपातले भगवान् भोलेनाथ, माता गौरी तथा नागवंश वा विषहारा पूजा-अर्चना गरिन्छ । भनिन्छ, माता विषहरा देवादिदेव शिवका पुत्री हुन्, त्यसैले दिन बिहान आफ्नो पतिको लामो आयुको कामना गर्दै त्यसै फूलपातले माता पार्वतीको साथै विषहाराको पूजा गर्ने गर्छन् ।

प्रत्येक दिन पूजापश्चात् महिला पुरोहितले मधुश्रावणी व्रतको कथा सुनाउँछन् । मधुश्रावणी व्रत कथामा प्रत्येक दिनको छुट्टाछुट्टै १३ वटा कथा छन् । पहिलो दिन मौना पञ्चमी र विषहराको जन्मको कथा, दोस्रो दिन बिहुला र मनसाको कथा, विषहरा र मङ्गला गौरीको कथा, तेस्रो दिन पृथ्वीको जन्म र समुद्र मन्थनको कथा, चौँथो दिन सतीको कथा र पतिव्रताको कथा, पाँचौं दिन महादेवको पारिवारिक कथा सुनाइन्छ ।

यस्तै, छैटौं दिन गङ्गाको कथा, गौरीको जन्म कथा, काम-दहन कथा, सातौं दिन गौरीको तपस्या, आठौं दिन गौरीको विवाह वर-तथा-बरियाती, नवौं दिन मैनाको मोह, गौरीको विवाह, १०औं दिन कात्तिकको जन्म कथा, गणेशको जन्म र गौरीको नागको कथा, ११औं दिन सन्ध्याको विवाह र लीलीको जन्म कथा, लीलीको विवाह कथा, १२औं दिन बाल-वसन्त र गोसाउनको कथा र १३औं अर्थात् अन्तिम दिन श्रीकर राजाको कथा सुनाइन्छ ।

श्रावण महिना आएलगत्तै मिथिलाञ्चलमा लोक संस्कृतिले भरिएका मधुश्रावणीका गीतसमेत गुञ्जिन थालेको छ । यस पर्वमा माटोको मूर्ति, विषहर, गौर बनाइन्छ । नवविवाहिता महिला मधुश्रावणी अवधिमा चोखो भोजन ग्रहण गर्छन् । यस अवधिमा नवविवाहिता व्रत बसी श्री गणेश, माटो र गोबरबाट बनाइएका विषहरा एवं गौरी-शङ्करको विशेष पूजा गर्छन् । मधुश्रावणी व्रतको सुरु र अन्तिम दिनमा व्रतालुद्वारा समाज र परिवारका महिला सदस्यलाई अङ्कुरित चना, मुग प्रसादको रूपमा बाँड्ने परम्परा छ ।

व्रतालु महिला पूजाको समयमा गोसाउनको गीत तथा मधुश्रावणी पर्वसँग सम्बन्धित गीत गाउँछन् र साँझको समयमा कोहबर गीत तथा साँझ गीत गाउने परम्परा छ । पर्वको अन्तिम दिन टेमी दाग्ने (नवविवाहित बधुको दुईवटै घुँडा र खुट्टामा बलिरहेको बातीले दाग्ने) परम्परा छ । जुन व्रतालुको दुइटै घुँडामा फोका उठ्छ, उसको पतिको आयु लामो हुने जनविश्वास छ ।

गौरीलाई दाम्पत्य जीवनको संरक्षिका र विषधर नागलाई वंश समाप्त पार्ने प्रवृत्तिको जीव मानिएकाले यस पर्वमा गौरी तथा नाग-नागिनको विशेष पूजा आराधना गर्ने गरिएको संस्कृतिविद् बताउँछन् । गौरी दाम्पत्य जीवनलाई सुखी बनाउने मात्र होइन, मनकामना पूर्ण गर्ने देवी पनि हुन् । मिथिलाकी राजकुमारी सीताद्वारा गौरी पूजन गरिएकाले भगवान् श्रीरामजस्ता पति पाइन् भन्ने धार्मिक विश्वास रहेको पाइन्छ ।

मधुश्रावणी पर्वमा कतिपय कथा शिव-पार्वतीको वैवाहिक, रोमाञ्चक प्रसङ्ग एवं ठट्यौली भरिएका कारण नारी जीवनमा पतिप्रतिको स्नेह, सौहार्दतालाई प्रगाढ बनाउन प्रेरित गर्दछ भने सर्पकी आमा विसहरा र उनको वंशका बारेमा चर्चित कथाले नागको पूजा गर्ने भावनालाई अभिप्रेरित गर्ने जनविश्वास छ । रासस

**मधुश्रावणी पूजाका लागि चाहिने विशेष सामग्रीमा दुबो, काँचो बेसार, धनिया, सरवा, पानक पात, सुपारी, सिन्दूर गद्दी, लाल कपडा, माटोको पाँचवटा विषहारा, पाँचवटा मैना पात, पाँचवटा केराको पात, काजल, पिठार (चामलको पिठोको घोल), श्रीखण्ड चन्दन, पुरहैर, पातिल, धान, गाईको दूध, लाबा, फूल, नीमको पात, कागरी, आदि छन् ।**

त्यस दिनलाई मैथिली भाषामा नहाइ खाइ भन्ने चलन छ । व्रतभरि हरेक दिन नवविवाहिता महिलाले साथी सङ्गीसँग साँझको समयमा आफ्ना घर-आँगन तथा गाउँभरिका फूल र फूलको पात, दुबो, पान, बेलको पातलगायत तोडेर ल्याउने साँझमा ल्याएको फूल त्यसको भोलिपल्ट देवी देवतालगायत शिव पार्वतीको गीत, कथा सुनेर त्यही फूल माता गौरी तथा विषहाराको पूजामा चढाउने गर्छन् ।

मधुश्रावणी व्रतमा राजा दक्षका हरेक छोरीका बारेमा चर्चा गर्नुका साथै, भगवान शिवलगायत नागनागिनकोसमेत कथा सुन्ने चलन रहेको पण्डित लालबाबु झा बताउनुहुन्छ । पण्डित झाका अनुसार मधुश्रावणीको पहिलो दिन तथा मौना पञ्चमीको दिन माता मानसादेवीको पूजाका साथसाथै माटोले बनाइएका नाग-नागिन र हात्तीको पूजा गरिने विधि रहेको छ । नवविवाहिता महिलाले सामाजिक सांस्कृतिक परम्परामा आधारित 'मधुश्रावणी' पर्व नव वैवाहिक जीवनको प्रवेशमा पहिलो वर्ष धुमधामसँग मनाउछन् । वर्षा ऋतुमा सर्पको भूमि (जमिन)मा आगमन हुने भएकोले उनीहरूको सम्मानका लागि नागनागिनको साथै शिवपार्वतीको पूजा गर्ने चलन रहेको मिथिला नगरपालिका-६ कि पुनम झाले बताउनुभयो ।

नारी जीवनमा पतिप्रतिको स्नेह, सौहाद्रतालाई प्रगाढ बनाउन पर्वले प्रकृतिको संरक्षण कसरी गर्नुपर्छ भन्ने पाठसमेत सिकाएको मानिन्छ । हिन्दू धर्मामलम्बिले गर्ने हरेक पूजामा पुरुष पुरोहितले पूजा गरेपनि यस पूजामा महिलाको मात्र सहभागिता रहने गरेकोले व्रतको आफ्नै महत्व र विशेषता रहेको मैथिलीका साहित्यकार राम भरोस कापडी बताउनुहुन्छ ।

महिलाले पूजा गर्ने, कथा भन्ने, गीत गाउने, फूल टिप्ने सबै महिला नै रहेकोले यस पर्वमा महिलालाई पुरूषभन्दा अग्र स्थानमा रहेको सन्देश दिएको साहित्यकार कापडीको धारणा छ । एक व्रतालु महेन्द्रनगर धनुषाकी ममता साहका अनुसार यस व्रतमा भनिने कथा र गीतले नवविवाहिता महिलाले आफ्नो वैवाहिक जीवनलाई कसरी सहजरूपले अगाडि बढाउने भन्ने सन्देश दिने गर्छ । यो हाम्रो संस्कृति भएको र विवाहको पहिलो वर्ष मात्र विधिवत् मनाउने भएकाले यसको आनन्द सबै नवविवाहिता महिलाले लिनुपर्ने उहाँको भनाइ छ ।

**पूजा सामग्री**

कपडा, शृङ्गारका सामान, पूजाका सामग्रीको व्यवस्था र पर्वनै तीन (पूजा गर्ने नवविवाहिता) को भोजनका वस्तु पनि घरबाटै पठाउने चलन छ ।

मधुश्रावणी पर्वको पहिलो दिन तथा अन्तिम दिन विधिविधानसहित १३ दिनसम्म शिव-पार्वतीको साथै माता विषहराको माटोको स्वरूपको पूजा गरिन्छ । शिव-पार्वतीको जीवन चरित्रको साथै माता विषहराको जन्म र मानव जीवनमा त्यसको महत्वको कथाको रूपमा सुनिन्छ ।

मधुश्रावणी पूजाका लागि चाहिने विशेष सामग्रीमा दुबो, काँचो बेसार, धनिया, सरवा, पानक पात, सुपारी, सिन्दूर गद्दी, लाल कपडा, माटोको पाँचवटा विषहारा, पाँचवटा मैना पात, पाँचवटा केराको पात, काजल, पिठार (चामलको पिठोको घोल), श्रीखण्ड चन्दन, पुरहैर, पातिल, धान, गाईको दूध, लाबा, फूल, नीमको पात, कागरी, आदि छन् ।त्यसैगरी नैवेद्यका लागि चोखो चामल, चिउरा, चिनी, आँप, कटहर, केरा, अङ्कुरित चना वा मुग आवश्यक हुन्छ ।

**बासी फूलले पूजा गर्ने परम्परा**

यसपर्वमा मिथिलाका नवविवाहिताहरूले आफ्नो सौभाग्यको दीर्घायुका लागि बासी फूलले माता गौरी तथा विषहाराको पूजा गर्छन् । यस पर्वको अवधिमा मिथिलाका नवविवाहिता महिला पूजाको अघिल्लो दिन आफ्ना सखी-सहेलीसँगै पारम्परिक लोकगीत गाउँदै शृङ्गारसहित सजिएर फूलको बगैँचाबाट विभिन्न प्रकारका फूलपातीलाई बाँसको डालोमा सजाएर ल्याउँछन् । प्रत्येक

## बाढी र डुबान : काठमाडौं उपत्यकाका तीन जिल्लाबाट ७० जनाको उद्धार

काठमाण्डु । गएरातिको भारी वर्षापछि आएको बाढी र डुबानमा परेका ७० जनाको काठमाडौं उपत्यकाका तीन जिल्लाबाट उद्धार गरिएको छ ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयले दिएको जानकारीअनुसार सो क्रममा उपत्यकामा एक जनाको खोलाले बगाएर मृत्यु भएको छ । कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले काठमाडौंमा १० पुरुष, ६ महिला र दुई बालबालिका गरी १८ जना तथा ललितपुरका १३ पुरुष आठ महिला र तीन बालबालिका गरी २४ जनाको उद्धार गरिएको छ । यस्तै भक्तपुरमा १३ पुरुष, ११ महिला र चार बालबालिकागरी २८ जनाको उद्धार भएको मैनालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार काठमाडौंमा बाढीले बगाएर एक जनाको ज्यान गएको छ । काठमाडौंको सुकुम्बासी टोलमा बस्दै आएका बाँकेका ४५ वर्षीय रामस्वरुप महतोको बल्खु पुलमुनि अड्किएको अवस्थामा बिहान शव फेला परेको हो ।रासस

# नीतिगत सुधारसहित पर्यटन क्षेत्रलाई चलायमान बनाउछौं : पर्यटनमन्त्री



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले आवश्यक नीतिगत सुधारसहित पर्यटन क्षेत्रलाई चलायमान बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

पर्यटनमन्त्री पाण्डेको स्वागतका लागि नेपाल पर्यटन बोर्डले बुधबार आयोजना गरेको कार्यक्रममा मन्त्री पाण्डेले पर्यटन क्षेत्रको विकासका लागि नीतिगत र संरचनागत सुधार गर्न मन्त्रालय तयार रहेको बताउनुभयो । उहाँले सार्वजनिक निजी साझेदारीको बोर्डलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै पर्यटनलाई चलायमान बनाउन निर्देशन दिनुभयो । नेपालमा पर्यटनको अथाहा सम्भावना रहेको उल्लेख गर्दै मन्त्री पाण्डेले पर्यटनका लागि प्रकृतिले दिएको अद्वितीय सम्भावनाको सदुपयोग गर्दै नेपालको आर्थिक समृद्धिमा पर्यटनको योगदानलाई बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले पर्यटनलाई थप चलायमान बनाउन अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीति आवश्यक भएको बताउनुभयो । मन्त्री पाण्डेलाई पर्यटन मन्त्रालयका सचिव एवं बोर्डका अध्यक्ष डा गणेशप्रसाद पाण्डे, बोर्डका उपाध्यक्ष कमल सापकोटा, निमित्त कार्यकारी प्रमुख हिक्मतसिंह ऐर, बोर्ड सञ्चालक समिति सदस्यलगायतलले स्वागत गर्नुभएको थियो । रासस


## श्री बुद्ध जनचेतना आधारभूत तह (०-५) विद्यालय, डाँडाटोल

**धनुषाधाम न.पा.-९ (धनुषा) मधेश प्रदेश**

### शिक्षक आवश्यक सम्बन्धी सूचना

यस श्री बुद्ध जनचेतना आधारभूत तह (०-५) विद्यालय डाँडाटोल, धनुषाको मिति २०८१/०४/११ गते बसेको वि.व्य.स.को निर्णय र शिक्षा विकास तथा समन्वय इकाई धनुषाको आ.व. २०८०/०८१ च.नं. १८४० मिति २०८१/०२/१७ गतेको प्रप्त पत्रानुसार यस विद्यालयको रिक्त रहेको तपसिल बमोजिमको पदमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपुर्वक दरखास्त दिनहुन विज्ञापन आह्वान गरिन्छ ।

| विज्ञापन नं. | प्रकार संख्या | पद | तह | शैक्षिक योग्यता | परीक्षा दस्तुर | परीक्षाको किसिम | तलब |
|---|---|---|---|---|---|---|---|
| १/२०८१/०८२ | करार (१ जना) | राहत अनुदान शिक्षक | आधारभुत तह (१-५) | प्रमाणपत्र तह उर्तिण | ९२५।- | लिखित र अन्तरर्वार्ता | नेपाल सरकारको नियमानुसार |


१. १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको ।
२. दरखास्त बुझाउने मिति २०८१/०४/१४ देखि २०८१/०४/२९ गते ४ बजे सम्म ।
३. सम्पर्क मिति पछि प्रकाशन गरिनेछ ।
४. परिक्षा मिति - सम्पर्क मितिको दिन तोकिने छ ।

**पेश गर्नुपर्ने कागजातहरू**

१. अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि ।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. शैक्षिक योग्यता (माथिल्लो योग्यता प्राथमिकता दिइनेछ) र आफुसँग भएको अनुभवका प्रमाणहरुको प्रमाणित प्रतिलिपि ।
४. फोटो २ प्रति
५. निवेदन दस्तुर प्रा.शि.को लागि रु.९२५ नौं सय पच्चिस मात्र । साथै यस विद्यालयको नाममा रहेको एन. आई.सी. एशिया बौंकको खाता नं. ३१६४१५००६४०११००२ मा दाखिला गरी सक्कल भौचर निवेदनसाथ विद्यालयमा पेश गर्नुपर्ने छ ।
६. थप जानकारीको लागि सम्पर्क नं.
(प्र.अं) ९८४५७९७१०२, ९८२४८९६७९५ (वि.व्य.स.को अध्यक्ष) ९८१९६३२८८२

**नोट**: महिलालाई विशेष ग्राहयता दिइनेछ ।

**प्रधानाध्यापक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

सम्पादकीय

# क्षतिपूर्ति मागको संघर्ष

कोशी ब्यारेज निर्माणले नेपाली भूभागमा उत्पन्न समस्या र सम्झौताअनुसार पीडितले पाउनु पर्ने क्षतिपूर्तिको मागको संघर्ष तेस्रो पुस्तामा आए पनि बिलौना साम्य भएको छैन । क्षतिपूर्ति पाउने आशामा उमेरले सत्तरी नाघेकाहरु पनि संघर्षमा होमिने गर्छन , कहिले कडा आन्दोलन , कहिले रिले अनशन , सम्बन्धित निकायको ध्यानाकर्षण , कहिले नरम आन्दोलनको क्रम तेस्रो पुस्तासम्म आइपुग्दा पनि समस्या समाधानको आशाका किरण देखिएको छैन । कोशी क्षेत्रमा मौजा भएकाहरुको जीवन दुरुह छ । ब्यारेज निर्माणका क्रममा त्यस क्षेत्रका वासिन्दा सुकुम्बासी भए , कयौ विघा जग्गा कोशीमा पऱ्यो । तर सम्झौता अनुसार क्षतिपूर्ति अहिलेसम्म पाउन सकेका छैन । २०११ बैशाख ११ मा भारत- नेपाल कोशी सम्झौता भएपछि हनुमाननगरमा करिब एक दशक लगाएर ब्यारेज निर्माण भयो ।सिंचाइ , बिजुली उत्पादन र बाढी नियन्त्रणको उद्देश्यले एकसय उन्नान सय वर्षका लागि कोशी सम्झौता भयो। नेपालको तर्फबाट योजना विकास तथा भूमिसुधार मन्त्री महावीर शमशेर र भारतको तर्फबाट योजना मन्त्री गुलजारी लाल नन्दाले सम्झौतामा हस्ताक्षर गरेको इतिहास छ । सम्झौतामा ब्यारेज बनाउँदा हुने डुबान र प्रभावित जग्गाको मुआब्जा र क्षतिपूर्ति भारत सरकारले दिने उल्लेख छ । सम्झौता अनुसार नेपाल सरकारले पूर्वी नहर र ब्यारेज बनाउनका लागि तेरह हजार तीन सय सैतीस विघा जग्गा अधिग्रहण गरेको थियो ।त्यस क्रममा थुप्रै विस्थापित भए ।कमाइ खाइरहेको जग्गामा सप्तकोशीको भंगालो वर्षेनि पस्ने गरेको छ । पैसठी वर्ष अघि विस्थापित भएकाहरुको सन्तति क्षतिपूर्तिको आन्दोलनमा सहभागी हुने गरेका छन् । सम्झौता अनुसार राहत र क्षतिपूर्ति नपाएपछि पीडितहरुले कोशी नदी कटान डुबान संघर्ष समितिका नामबाट आन्दोलन गरिरहेका छन् । कोशी सम्झौता अक्षरसः पालनाको माग पीडितको क्रन्दन सुन्ने निकाय मौन छन् । पीडितहरु आफूले भोगचलन गरिरहेको जग्गमा कोशी नदी बगैको हेर्ने बाध्य छन् ।सप्तरी , सुनसरी र उदयपुरका छपन्न हजार विघा जग्गा कोशी बाँधको डुबान क्षेत्रमा परेको छ । भारतका प्रधानमन्त्रीदेखि मन्त्रीसम्म नेपाल भ्रमणमा आउँदा पीडितहरु पनि काठमाण्डु पुग्ने गरेका छन् । सम्झौता नै त्रुटिपूर्ण रहेकाले पनि समस्या समाधानमा जटिलता थपिदै गएको पीडितको भनाइ छ । डुबान क्षेत्रका बारेमा अस्पष्टताका कारणले डुबान भएको क्षेत्रको मुआब्जा र क्षतिपूर्तिका लागि नेपाली पक्ष लडिरहेको देखिएको छ । राणा शासनको अन्त्य भएपछि राजनीतिक तरलताको पृष्ठभूमिमा भएको सम्झौता वर्तमानमा संघीय गणतान्त्रिक परिवेशमा पनि समाधानको दिशातर्फ अग्रसर नहुनु विडम्बना नै मान्नु पर्छ ।

# विपत् व्यवस्थापनमा

## संघिय, प्रदेश र स्थानीय तहको भूमिका र प्लेन दुर्घटनाको लापर्वाहीमाथि छानविन

वास्तवमा मनसुनका अति सकृयता तथा जलवायु परिवर्तनकै कारणले यतिबेला देशभरि नै ठुलठुला बाढि पहिरोले गर्दा भयवाह स्थीति सिर्जना गर्ने गर्दछ । अतिवृष्टि, अनावृष्टिलगायत अल्पवृष्टि पनि दैविक प्रको नै हुन् । हालकेहि दिनका अबिरल वर्षाकैकारणले गर्दा देशभरिका ठुलठुला नदीलालाहरुमा पानीको बहाव बढेर गएको छ । वितेका गत दोश्रो हप्ताको बुधवारदेखि हालसम्मका तथ्यांकले यो सप्ताहव्यापी बाढी पहिरो जस्ता आफत विपत्ले गर्दा जम्मा १२८ जना भन्दा बढिको ज्यान गैसकेको रहेछ भने १४० जना भन्दा बढि चाँहि घाइते भइ विभिन्न अस्पतालहरुमा उपचरार्थ भर्ना भएको समाचार बाहिर आएको छ । अर्थात् यस्ता विपत्ले अझै कति जनाको आकस्मीक रुपमा जान जानेहो भने यकिन पनि गर्न सकिँदैनन् । यति मात्र होइन, देश भरिका प्रमुख राजमार्ग, सहायक राजमार्ग तथा ग्रामीण बाटोघाटो समेत क्षतीग्रस्त भएकाले आम मानिसदेखि विभिन्न यतायातका साधनहरुलाई आबत जाबतमा समेत ठुलै असर पारेको छ । कंचनपुरमा करिब हजारौं भन्दा बढि घर डुबानमा पर्नुका साथै कंचनपुर कैलाली धनगढहीलगायत देशका विभिन्न भागमा भएको अबिरलवर्षाको कारण हालसम्म लगभग चार हजारको संख्यामा पशुचौपाया तथा मानवीय क्षतीभइ वेपत्ता भएको छ भने ३००० भन्दा बढि परिवार विस्थापित भएका छन् । यसैबिच सिमलतालको त्रिशुली नदीमा भएको दुर्घटनाबाट हामी संपूर्ण नेपाली स्तब्ध भएकाछौ । जसमा बाहिरको प्रविधी र जनशक्तिको सहयोगमा केहि संख्यामा सव मात्र फेला परेको छ । यस्तै त्रासद दुर्घटना सौर्य एयरलाईन्सका विमान काठमाडौंबाट पोखरा उड्ने क्रममा दुर्घटना हुंदा १९ जना मध्ये १८ जनाको दुर्घना स्थलमै जलरे मृत्यु भयो भने एकजना चालकका घाईते अवस्थामा तीव्रगतिमा उद्धार भएको छ । यसका पछाडि को प्रमुख दोषी हुन छानवीन समिति गठन गरि सरकारले त्यसमाथि अविलम्ब कारवाही गर्नुपर्द छ, यसले पनि हामीलाई स्तब्ध बनाएको छ ।

यसैगरि हिजोअस्ति रामेछापका गोकुलगंगा गांउपालिकामा एकै परिवारको तीन जनालाई पहिरोले बगाएको छ । गोर्खामा पांच जना पहिरोमै वेपत्ता भएका छन् अर्थात् यस्ता प्राकृतिक प्रकोप तथा विपत् व्यवस्थापनका लागि संघीय संसदले बनाएको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विपत् व्यवस्थापनका लागि दर्जनौ भन्दा बढि संरचनाको समेत व्यवस्था गरिएको छ । तर ती मध्ये धेरै संरचनाले अझैसम्म चांहि पूर्णता पाएका छैनन् । अर्कातर्फ पूर्णता पाएका संरचनाले पनि उचित समयमा त्यति प्रभावकारी काम गर्न सकिरहेका छैनन् । हुनत सरकारको हरेक तह संघ, प्रदेश तथा स्थानीय निकायले यस घरीमा आ आफनो स्तरबाट यस्ता संरचनाहरुका पृष्ठभूमि तयार अघि देखि नै गरी राख्नु पर्दछ ताकी त्यसलाई परेको बेलामा समुचित व्यवस्थापन गर्न सकियोस् । यद्यपि खासगरि कुनै पनि आफत विफत् आउने घटना स्थल स्थानीय ठाउं अथवा क्षेत्रमै पर्न गरेको हुनाले, अनि सब भन्दा बढि सकृय तथा चनाखो स्थानीय निकाय नै हुनुपरेका हनाले हरेक स्थानीय तहमा चांहि व्यवस्थापन समिति गठन गर्नु पर्ने कानुनी व्यवस्था पनि रहेको छ ।

गांउपालिका राष्ट्रिय महासंघका अनुसार लगभग हरेक स्थानीय सरकारले विपत् व्यवस्थापन समिति गठन गरेको छ । तथापि अधिकांस समिति चांहि नाम मात्रका भएको महासंघको आरोप पनि रहेको छ । खासगरि गाउंपालिकामा पालिका अध्यक्ष् तथा नगरपालिकामा चांहि नगर प्रमुखले स्थानीय विपत् व्यवस्थापन समितिको नेतृत्व गर्ने गर्दछन् ।

अर्थात् यहि स्थानीय विपत् व्यवस्थापन समितिले चांहि संघ प्रदेश र जिल्ला स्तरीय विपत व्यवस्थापन संरचनाको नीति, योजना र कार्यक्रम अनुरुप आफनो अनुकुल हुनेगरी विपत् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्छ । यसका साथसाथै स्थानीय सरकारलाई पनि विपत् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न सिफारिस गर्नेकाय यहि समितिले गर्ने गर्दछ । प्रदेश देखि संघीय स्तरमा पनि यसै समिति मार्फत् विशेष जटिल किसिमका विपत् व्यवस्थापनका लागि पहल गर्ने गरिन्छ । किनकी सरकारी नीजी एवं गैर सरकारी संस्था, स्थानीय स्वयंसेवक, समाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपत व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने जिम्मेबारी पनि यहि स्थानीय व्यवस्थापन समितिकै हुन जान्छ ।



डा.उदय कुमार यादव

> विपत् व्यवस्थापनमा केवल स्थानीय तह होइन, वरु संघ र प्रदेशको समेत समन्वय गरी साझा भूमिका निर्वाह गरेर, सरकारी निकायका सम्बन्धित हरेक सरोकारबालाले आ आफनो ठांउबाट उचित साझेदारी र समझदारीको अधारमा सर्मर्पित भएमा मात्र परेकोबेला यस्ता विपद् व्यवस्थापन गरी न्यूनिकरण गर्न सकिन्छ ।

यसकारण यो समितिले नै स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, साकाजिक परिचालक तथा सम्बन्धित समुदायलाई समेत विपत् व्यवस्थापनका लागि उचित प्रशिक्षण पनि दिलाउने गर्ने गर्दछन् ।

जब हामीलाई थाहा छ कि रोग लाग्नु भन्दा रोगको बाटो नै छेक्ने जाति, यद्यपि हामीले अघि देखि यस सम्बन्धी उच्च सतर्ककता किन अपनाउंदैनौ त ? प्रत्येक साल मनसुनमा यस्तो किसिमको आफत विपत् जब आईरहन्छन् भने, यस सम्बन्धि तीनै तह संघ प्रदेश तथा यहि स्थानीय विपत् व्यवस्थापन समितिद्धारा आपसमा समन्वय गरी यस सम्बन्धी वृहत रुपमा जन चेतना फैलाउने गर्नु पर्दछ । तर यस्ता जन चेतनामूलक कार्यक्रम जस्तै सडक नाटक देखि रेडियो नाटकद्धारा तथा विभिन्न खाले विपत् व्यवस्थापनका परिक्षण सम्बन्धि प्रदर्शन तथा प्रसारन समेत गर्दै जानु पर्दछ ।

तथापि अचेल जसरी मैथलीमा एउटा कहाबत रहेछ कि भोजवेरी कुम्हर रोपेनाई, यसको मतलव समस्या अउनु भन्दा त्यसको समाधानको अधिकत्तम् बाटोहरु तय गरेर राख्जु पर्दछ अन्यथा परेकोबेला ईन्तु न चिन्तुको अवस्थाबाट हामीले गुजर्नु पर्दछ ।

**उच्च सतर्ककता तथा पूर्व तयारी :**

जब हामीलाई थाह छ कि, नदी किनार तथा खोलाहरुका मुहान वरपर बढि पहिरो जाने गर्दछ तथापि केहि सुकुम्वासीका नाममा वस्तीहरु अनावश्यक रुपमा बसाई गरेको हुन्छ । यसर्थ ती अति विपन्न समुदायहरु जो प्रायः सुकुमवासीकै नाउंमा त्यो पनि असुरक्षित र अव्यवस्थीत ढंगले बसोबास गरेका हुनाले ति खतराका संकेतलाई जानी जानी वेवास्ता गरीकन, यस्तो समयमा बढि क्षती हुने गरेको हुन्छ । यसर्थ यस्ता वस्तीहरुमा राहत तथा उद्धार संम्बन्धि विभिन्न संयन्त्र निमार्ण गरी अगाबै उच्च सतर्कताको साथ तिनीहरुलाई पूर्व तयारीमा रहनेगरी पूर्वचेतावनी अनिवार्य दिएमा यस्ता जोखिमलाई न्यूनिकरण पनि गर्न सकिन्छ । अन्यथा यस्ता लापरवाहीका साथ वस्ने सुकुमवासीको नाममा तथा अति विपन्न समुदायका वहानामा यदि समयमै सचेत भएनन् भने यस्ता दुर्घटनालाई न्यूनिकरण गर्न संधै नै कठीनाइका सामना गरि राखनु पर्दछ ।

घटना अथवा दुर्घटना हुनुका पछाडि अचेल हेर्दा खेरी धैरै हेल्चेक्राई वा लापर्वाही भएको देखिन्छ किनकी मान्छेले यसैबेलामा अनावश्यकरुपले खोला नदी जानी जानी तर्ने गर्दछ, बाढी पहिरोकै बेला जल विहार अनि नौका विहार गरी राखेको हुन्छ । अर्का तर्फ खहरे खोलाको पूर्व संकेतलाई वेवास्ता गरी तथा भूकम्पीय जोखिम बाट खतराहुने क्षेत्रमा नै बस्ती बसाएका हुनाले यति जन धनका साथ मानवीय क्षती हुने गर्दछन् । जस्तो कि अस्ति भएका विमान दुर्घना हुन सक्ने पुरानो विमान अकाशमा उडाउनु भन्दा पहिले प्राविधीक मेकानिकलाई नै अर्का विमानबाट काठमाडौं बोलाउनु पर्थ्यो, यसै गरि घटना पूर्व वैकल्पिक बसोबाको व्यवस्था गरि अन्यत्र सारेर, वा दुर्घटना पछि प्रथमिक उपचारको संयन्त्र पनि तैनाथ अवस्थामा राखि राख्नु पर्दछ ।

**उद्धार तथा राहत व्यवस्थापनमा समावेशी प्रणाली र समतामुलक प्रकृया:**

यसरी केवल स्थानीय तहकै बलमा निर्भर नरहेर संघ तथा प्रदेशले पनि परेका बेलामा आपना सुरक्षा देखि जोखिम न्यूनिकरण तथा राहत अनि उद्धार टोलीहरुलाई समयसापेक्ष अघि देखिनै पूर्व तयार पारी राखी राख्नु पर्दछ ताकी पूर्व सुचनाको अधारमा आम मानिसमा उच्च सतर्ककता अपनाउने गरी यसप्रति संवेदनशी होस । अन्यथा प्रायः घटना तथ दुर्घटनामा परिसके पछि झन् समाधान गर्न अझै कठीनाई पर्न सक्दछ । अर्थात् पिडित पक्षलाई आवश्यकता तथा प्रथमिकताको अधारमा सम्बन्धित पक्षले उद्धार गर्ने बखत् खास मापदण्डताकै अधारमा उपयुक्त राहत चांहि उपलब्ध गराउनु पर्दछ अन्यथा यसका विपरीत जसलाई प्राथमिकता दिनु हो त्यहि नै उपेक्षित हुन सक्छ यदि समान किसिमको क्षति भएमा समावेशिताको अधारमा कसैलाई पनि उक्त राहतबाट वञ्चित गर्नु पर्दैनन् । त्यसै गरी सुदुर पश्चिम जाजरकोटमा गितका भूकम्प पिडित घरवार विहीन निमुखा जनता जो अहिले अस्थायी त्रिपालमूनि बास विताई रहेका छन् तिनीहरुलाई पनि थाई बसोबासको व्यवस्था राज्यले समयमा नै गर्नु पर्दछ ।

**बाटो घाटो सहज तरिकाबाट सुचारु गरी यतायातको समुचित व्यवस्थापन:**

अर्थात् हामीलाई थाह छ कि, मुलुकभरि बढि भन्दा बढि बाटो घाटो तथा पुल पुलेसो दुर्घटनाले गर्दा क्षतिग्रस्त हुन पुगेको छ । यसर्थ तीनै तहका समन्वय तथा अनुगमनकासाथ कुनै पनि तटबन्द देखि बाटो घाटो अनि पुल पुलेसो समेत लाई निर्माण गर्दा खेसि विदेशी प्रविधि तथा उच्च कोटिको कच्चा पदार्थले भूकम्प र विभिन्न प्रकारका जेखिम रहित संरचना निर्माण गर्दा कम क्षति भएर जोखिम न्यूनिकरणमा सहजता प्रप्त हुन सक्दछ । यसको वावजुद पनि मानौ प्रकृतिक घटना तथा दुर्घटनालाई कसैले पनि सत प्रतिशत बसिमा गर्न सक्दैनन्, यस्ता विपद् व्यवस्थापन अन्तर्गत यस किसिमका बाटोघाटो र यतायात साधनको सुचचारु पनि समयमा नै गरि राख्नु पर्दछ । हुनत कोशी कर्णाली तथा अर्निको प्रमुख राजमार्गहरु तत्काल एकतर्फी बाटो सञ्चालनमा आएकोले केहि राहत महसुश अवशय भएको छ । यदि उक्त समस्या समयमा नै समाधान नभए, विशेष किसिमका कठीन तथा इमर्जेन्सी बिरामीलाई एक त हवाई मार्गका एयर एम्बुलेन्स खराब मौसका कारण अबरुद्ध हुन्छ भने तलका जमिन मार्ग पनि लामो समयका लागि अबरुद्ध भएमा झन झन् आफत बढदैजाने भएकाले समयमा नै यसको निर्कौलगरि सहज तरिका बाट आबतजाबतको निकास पनि खोज्नु उचित हुनेछ ।

हाम्रो जस्तो मुलुकमा संधै विदेशी प्रविधि माथि भर पर्नाले, राहत उद्धारमा पनि ढिलो र परिचालनमा पनि खर्चिलो भएका हुनाले यसको पनि वैकल्पिक समाधान खोजि राख्नु पर्दछ ।

**विपत् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण:**

यो प्राधिकरणले विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धी केन्द्रिय स्रोत निकायको रुपमा कार्य गर्दछ । हाल यसको कार्यालय सिंह दरबार, काठमाडैंमा नै रहेको छ । यसले संघ प्रदेश तथा स्थानीय तहमा खोज तथा उद्धार समूहको गठनलगायत त्यसका क्षमता विकास गरी प्रभावकारी खोज उद्धार तथा राहत प्रदान गर्ने र गराउने समेत गर्दछ ।

प्रदेश तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आवधिक योजना निर्माण गर्न आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहयोग पनि उपलब्ध गराउने काम गर्दछ । यसले विपद् व्यवस्थापनमा गैरसरकारी संस्था, नीजी क्षेत्र एवं स्थानीय समुदायलाई अथवा विभिन्न समाजिक संघसंस्थालगायत अन्य दातृ संस्थालाई समेत संलग्न गरी गराई तिनीहरुको कार्यमा समन्वय एवं सहजीकरण गर्ने गर्दछ ।

अतःविपत् व्यवस्थापनमा केवल स्थानीय तह होइन, वरु संघ र प्रदेशको समेत समन्वय गरी साझा भूमिका निर्वाह गरेर, सरकारी निकायका सम्बन्धित हरेक सरोकारबालाले आ आफनो ठांउबाट उचित साझेदारी र समझदारीको अधारमा सर्मर्पित भएमा मात्र परेकोबेला यस्ता विपद् व्यवस्थापन गरी न्यूनिकरण गर्न सकिन्छ ।

# बडिमालिका क्षेत्रको पर्यटकीय गुरुयोजना बनाउन माग

मिमबहादुर रावल

कालीकोटको र बाजुरा जिल्लाको बडिमालिका क्षेत्र धार्मिक तथा पर्यटकीय हिसाबले निकै महत्वपूर्ण क्षेत्र हो । बडिमालिका क्षेत्रसँग जोडिएको त्रिवेणी पाटन पनि पर्यटन क्षेत्रको दृष्टिले राम्रो सम्भावना रहेर पनि अहिलेसम्म यसको गुरुयोजना बन्न नसक्दा यी क्षेत्रहरुको विकाससँगै प्रतिफल लिन नसकिएको स्थानीय जनप्रतिनिधिहरुको भनाइ छ ।

बर्खायाममा हरियाली फाँटका दृश्यले भू-स्वर्ग झैँ लाग्ने त्रिवेणी पाटन हिउँदमा हिउँले ढाकिएर झनै मनै लोभ्याउने गरेको छ । कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका-८ को मुम्रा लेकमा पर्ने त्रिवेणी पाटन पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो । यो कालीकोट र बाजुरा जिल्लाको सिमानामा पर्ने बडिमालिका धार्मिक मन्दिरका कारणले पनि चर्चामा रहेको छ । समुद्र सतहबाट चार हजार दुई सय १९ मिटर उचाइमा रहेको त्रिवेणी पाटन सौन्दर्यका दृष्टिले मात्रै नभई धार्मिक हिसाबले पनि महत्वपूर्ण मानिन्छ । नजिकै देखिने सुन्दर हिमाल, हिउँ टेक्न पाइने र मनोरम प्राकृतिक दृश्यहरु त्रिवेणी पाटनका विशेषताहरु हुन् ।

त्रिवेणी पाटन घुम्नलाई वैशाखदेखि असोजसम्मको समय उत्तम मानिन्छ । नजिकै रहेको बडिमालिका मन्दिरमा साउन जनैपूर्णिमाको अघिल्लो दिन मेला लाग्ने गर्छ । मेला भर्न नेपालका विभिन्न जिल्ला र भारतबाट पनि हजारौँ मानिस बडिमालिका पुग्ने गरेको सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष मोहनबहादुर केसीले बताउनुभयो । त्रिवेणी पाटन आसपासमा रहेका २२ वटा पाटनमा सयौँ प्रजातिका फूल फुल्छन् । यो क्षेत्रका ३२ वटा पाटनमध्ये १२ वटा पाटन कालीकोट र २० वटा बाजुरामा पर्दछन् ।

त्रिवेणी पाटन क्षेत्रमा कस्तुरी, मृग, हिउँचितुवा, हिमालयन थार, हिमाली भालु, वन कुकुर, नायरलगायत वन्यजन्तु पाइन्छ । "यो क्षेत्र प्राकृतिक हिसाबले मात्र सुन्दर नभएर यहाँ पाइने जङ्गली जनवार पनि आकर्षणका केन्द्रविन्दु पनि हो," अछाम रामारोशन गाउँपालिका-५ का स्थानीय डम्बर रोकाया भन्नुहुन्छ ।

कालीकोट, बाजुरा र अछाम जिल्लाका स्थानीयवासीको अछाम रामारोशन ताल, कालीकोटको त्रिवेणी पाटन र बाजुराको बडिमालिका क्षेत्रलाई जोडेर पर्यटकीय गुरुयोजना बनाउनुपर्ने स्थानीयको माग रहेको छ । अछामको रामारोशन तालबाट एक दिनको दूरीमा त्रिवेणी पाटन र बडिमालिका पर्ने भएकाले विगतमा अछाम, बाजुरा र कालीकोटका स्थानीय तहका जनप्रतिनिधि बसेर पर्यटकीय गुरुयोजनाका लागि केही छलफल भएको र त्यसले मूर्त रुप लिन नसकेको अछाम रामारोशन गाउँपालिकाका पूर्वअध्यक्ष झङ्कर साउदले बताउनुभयो । "विगतमा हामीले पर्यटकीय गुरुयोजना बनाउनका लागि यसको प्रचारप्रसार गर्नका लागि कालीकोट, अछाम र बाजुराका स्थानीय तहका जनप्रतिनिधि बसेर छलफल गरेका थियौँ", उहाँले भन्नुभयो, "त्यसले खासै मूर्त रुप लिन सकेन । अहिले त्यसका लागि पहल गर्न आवश्यक रहेको छ ।"

बडिमालिका क्षेत्रको इलाका ठूलो रहेको छ । यसले बाजुराको क्षेत्रको बढी भू-भाग ओगटेको, यसले कालीकोट र अछाममा केही भाग पनि नजिकै पर्दछन् । कालीकोट र अछामका ती भागमा रामारोशन ताल र त्रिवेणी पाटन पनि पर्ने गरेका कारणले विगतमा यस क्षेत्रको पर्यटकीय विकासमा ध्यान दिन सकेमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सकिने व्यवसायीहरुको भनाइ छ ।




बडिमालिका, त्रिवेणी पाटन र रामारोशन क्षेत्र घना जङ्गल भएको क्षेत्र भएकाले यो क्षेत्रमा ४५ भन्दा बढी प्रजातिका दुर्लभ तथा बहुमूल्य जडीबुटी पाइने गरेको छ । पाँचऔँले, सुनपाती, चिराइतो, पाखनवेद, काउलो, चुत्रो, पावन काउलो रातो च्याउ, अल्लो, कटुकी, सुगन्धवाल, चिराइतो, कुरिलो, गुच्ची च्याउ, पदमचाल जस्ता जडीबुटी पाउने क्षेत्र हो । विषजरा, मधुजडी, धुपजडी, वनलसुन, बायोजडी, निनाइजडी, भूतकेश जटामसीलगायत दर्जनौँ प्रजातिका जडीबुटी अहिले लोप हुने अवस्थामा पुगेको कालीकोट सान्नी त्रिवेणी गाउँपालिका-८ का दलबहादुर केसीले बताउनुभयो । यस क्षेत्रमा ब्रह्मकमल, बुकी फूल, जाई, जुई चमेली, सुन जाई, इन्द्रकमल, सेतो गुराँस, चाँप, चिमालोलगायत एक सयभन्दा बढी प्रजातिका दुर्लभ फूलहरु पाइन्छन् । अहिले बर्खायाममा विभिन्न जिल्लाबाट चराउनका लागि ल्याइएका भेडा, च्याङ्ग्रा र घोडाहरु वैशाखदेखि असोजसम्म यहाँ छाडा रुपमा चराउने चलन छ । ठूलो सङ्ख्या भेडा, च्याङ्ग्रा र घोडाहरुले लामो समय चरिचरन गर्दा पनि यहाँको जैविकता लोप हुने अवस्थामा रहेको देखिन्छ ।

बडिमालिका क्षेत्र बाजुराको त्रिवेणी नगरपालिका, बडिमालिका नगरपालिका, बूढीनन्दा नगरपालिका, जगन्नाथ गाउँपालिकामा, कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका र रास्कोट नगरपालिका पर्दछ । अछामको रामारोशन गाउँपालिकाको बीचमा पर्दछ । बडिमालिका धार्मिक तथा पर्यटकीय दुवै दृष्टिबाट चर्चित गन्तव्य, पाँच महिना हिउँ र चार महिना कुहिरोले ढाक्ने प्रकृतिको अनुपम उपहार हो । बडिमालिका क्षेत्रबाट सुदूरपश्चिम र कर्णाली प्रदेशका सबै जिल्लाको अवलोकन गर्न सकिन्छ ।

बडिमालिकामा पर्ने पाटन क्षेत्रको कूल क्षेत्रफल कति छ भन्ने कुराको आधिकारिक मापन नभएकाले यो क्षेत्रफल कति पर्छ भन्ने अहिलेसम्म पनि मापन नभएको कालीकोट रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले बताउनुभयो । "यसको क्षेत्रफल कति भन्ने अहिलेसम्म मापन हुन सकेको छैन," उहाँले भन्नुभयो, "क्षेत्रफल मापनका लागि हामीले पहल गरिरहेका छौँ ।" कर्णाली र सुदूरपश्चिम प्रदेशले बडिमालिका आफ्नो क्षेत्रमा पर्ने भन्दै पर्यटन प्रवर्द्धनका लागि बर्सेनि ठूलो रकम लगानी गरेर विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

बाजुरा जिल्लामा रहेको धार्मिक आस्थाको केन्द्र बडिमालिका धार्मिक तथा प्राकृतिक पर्यटनका दृष्टिबाट प्रचुर सम्भावना छ । धार्मिक आस्थाको केन्द्र बडिमालिकामा प्रत्येक वर्ष जनैपूर्णिमाका दिन विशेष पूजा हुने गर्दछ । त्यस दिन सबै तीर्थालुहरु बडिमालिकाको चुचुरोमा पुगिसकेका हुन्छन् ।

वर्षको दुईपटक गङ्गा दशहरा र जनैपूर्णिमाको अघिल्लो दिन साउने चतुदर्शीका दिन भव्य मेला लाग्ने गरेको छ । गङ्गा दशहराभन्दा साउने चुतदर्शीका दिन दर्शनार्थीको घुइँचो बढी हुने गरेको कालीकोट नरहरिनाथ गाउँपालिकाका-१ का कटकबहादुर विष्टले बताउनुभयो । मालिका देवीको स्वागतका लागि बाजुरालगायत कालीकोट, डोटी, हुम्ला र जुम्ला जिल्लाबाट सयुक्त टाँगो (पूजापाठमा आवश्यक पर्ने सामग्री) सहितको टोली आउने गरेको छ । बडिमालिका दर्शनका लागि तत्कालीन शाह राजाको दरबारबाट पनि पूजाआजाको सामग्री पुग्ने गरेको छ ।

त्रिवेणी पाटनमा हिउँमा खेलिने स्की खेलका लागि उपयुक्त क्षेत्रका रुपमा रहेको छ । नेपालमा कमै खेलिने स्की खेलका लागि कालीकोटको रास्कोट नगरपालिकाको छेत्तडी र सान्नी त्रिवेणी गाउँपालिकाको त्रिवेणी पाटन स्की खेलका लागि उपयुक्त क्षेत्रका रुपमा रहेको छ । कर्णालीलाई साहसिक खेल पर्यटनको गन्तव्यका रुपमा विकास र स्की खेलाडी उत्पादन गर्ने उद्देश्यले स्कीसम्बन्धी गत फागुन २८ देखि चैत ४ गतेसम्म स्की खेलको तालिमको आयोजना भएको थियो ।

स्कीसम्बन्धी आधारभूत तालिमले कर्णालीको साहसिक खेल पर्यटनमा टेवा पुग्ने पर्यटन व्यवसायी तथा कर्णाली पर्यटन उद्यमी समाजका अध्यक्ष देवीकृष्ण रोकायाले बताउनुभयो । "कर्णालीका प्रायः सबै ठाउँमा स्की खेलका लागि उपयुक्त क्षेत्र नै रहेका छन्", उहाँले भन्नुभयो, "त्यसका लागि सबैभन्दा उपयुक्त ठाउँ बडिमालिका क्षेत्रभित्र पर्ने कालीकोटको रास्कोटमा पर्ने छेत्तडी र सान्नी त्रिवेणीको त्रिवेणी पाटन उपयुक्त रहेका छन् ।"

कर्णालीको साहसिक पर्यटनका क्षेत्रमा स्की खेल पनि एउटा रहेको र स्की खेलका लागि आफूहरुले पहिलोपटक रास्कोट छेत्तडीमा स्की खेलको तालिम सञ्चालन गरेको स्की सङ्घ कर्णाली प्रदेशका सचिव सह-सचिव मनराज सिम्खडाले बताउनुभयो । दक्ष खेलाडी उत्पादन गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा खेलको विकास गर्दै पर्यटनसँग जोड्न सहयोग पुग्ने उहाँको भनाइ छ ।रासस

# हाम्रा ज्ञान र सीप जनताको हितमा केन्द्रित गरौँ : राष्ट्रपति पौडेल



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेको राजनीतिक स्थायित्व, विकास र सुशासनका माध्यमबाट देशलाई समृद्धिको बाटोमा लैजान सकेमात्र अग्रजहरूले परिकल्पना गरेको लक्ष्यमा पुग्न सकिने बताउनुभएको छ।

डा.डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय विकास समितिद्वारा राष्ट्रपति कार्यालय शीतल निवासमा बुधबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले हाम्रा अनुभव, ज्ञान, सीप, क्षमता र योग्यता देश र जनताको सर्वोत्तम हितका लागि समर्पित गनुपर्ने बताउनुभयो।

सुशासन, विकास र समृद्धि हाम्रो राष्ट्रिय अठोट र प्रतिबद्धता हुनुपर्ने बताउँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेअनुसार राजनीतिक स्थायित्व, विकास र सुशासनका माध्यमबाट देशलाई समृद्धिको बाटोतर्फ लैजान सकेमात्र हाम्रा अग्रज राजनीतिज्ञहरूले परिकल्पना गरेको लक्ष्य साकार हुन्छ। त्यसैले सुशासन, विकास र समृद्धि हाम्रो राष्ट्रिय अठोट र प्रतिबद्धता हुनुपर्दछ।"

राष्ट्रपति पौडेलले नेपालको लोकतान्त्रिक आन्दोलनमा ऐतिहासिक भूमिका निर्वाह गर्नुभएका डा रेग्मीको व्यक्तित्व बहुआयामिक भएको बताउँदै नेपालको राजनीतिक, साहित्यिक र सामाजिक क्षेत्रमा पुऱ्याउनुभएको योगदान प्रेरणादायी भएको बताउनुभयो। उहाँले अङ्ग्रेजी भाषामा नेपालको इतिहास लेखेर नेपाललाई संसारमा चिनाउन रेग्मीले दिनुभएको योगदानको स्मरण गर्नुभयो।

कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्याभट्टराईले डा. डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालयलाई व्यवस्थित र गतिशील बनाउन लागि पर्ने विश्वास व्यक्त गर्नुभयो।यस वर्षको एक लाख राशिको डिल्लीरमण रेग्मी राष्ट्रिय पुरस्कार नेपालका पाका तथा प्रतिष्ठित पत्रकार भैरव रिसाललाई तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लाई प्रदान गरिएको छ।रासस

# यो सरकार प्रचारबाजी होइन, काम गर्न आएको हो : मन्त्री डा राणा

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले वर्तमान सरकार हल्ला अथवा प्रचारबाजी गर्नका लागि नभएर काम गर्नका लागि आएको बताउनुभएको छ।

राहादानी र कन्सुलर सेवा विभागमा सेवा प्रवाहको अवस्थाको निरीक्षण भ्रमणपछि प्रतिक्रिया दिँदै उहाँले भन्नुभयो "वर्तमान सरकारले आफ्नो प्रचारबाजी गर्दैन, काम गर्छ। यो सरकार कुनै सस्तो लोकप्रियताका लागि र हल्ला गर्नका लागि नभएर काम गर्न आएको हो।"

नेपाली कांग्रेस र नेकपा (एमाले) यो देशमा ठूलो राजनीतिक परिवर्तनका साक्षी र सहयात्री रहेका तथा दुवै दलका नेताहरुले धेरै कुरा बुझेर र देशको आवश्यकता हेरेर नै सहकार्य गरेकाले यो सरकारको स्थायित्वका बारेमा प्रश्न नगर्न मन्त्री डा राणाको आग्रह थियो। उहाँले भन्नुभयो "नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी ओलीले धेरै कुरा बिचार गरेर मुलुकलाई निकास दिने उद्देश्यका साथ यो सरकार निर्माणका लागि लाग्नुभएको हो, त्यसैले यो सरकारले देशका लागि केही गरेर देखाउनेछ।"

एक प्रश्नको जवाफमा मन्त्री डा राणाले नयाँ बनेको सत्तासमीकरण कुनै एक व्यक्तिका कारणले नभएर मुलुकका दुई ठूला दलले आवश्यकताको बोध गरेर निर्माण भएको स्पष्ट गर्नुभयो। हिजो मात्र प्रधानमन्त्री केपी ओलीले यस विषयमा स्पष्ट गरेको स्मरण गर्दै उहाँले सरकार ढल्छ भन्ने या अरु कुनै पनि कारणले काममा ढिलासुस्ती गर्ने तथा नागरिकलाई डेलिभरी दिने काममा ढिला गर्ने छुट सरकार



र कर्मचारी कसैलाई नभएको स्पष्ट गर्नुभयो।

मन्त्री डा राणाले कहीँ कतै प्रमाण या उजुरी नहुँदा नहुँदै पनि आफ्नो नाममा विभिन्न काण्ड खडा गरेर जोड्ने गरिएकामा आपत्ति जनाउनुभयो। उहाँले भन्नुभयो, "कतै तथ्य छैन, कुनै गल्ती गरेको अवस्था छैन। तर पनि कतिले सोसियल मिडिया त कतिले मिडियाबाट नै मेरो नाम मुछ्ने गरेका छन्।" उहाँले नक्कली भुटानी शरणार्थी प्रकरणमा जसले आफ्ना विरुद्ध बयान दियो भनेर दुष्प्रचार गरियो उसैले पछि मलाई चिन्दिन भनेको प्रसंग उल्लेख गर्दै अनावश्यक रुपले आफ्नो नाम जोड्न लगाइएको र एक किसीमले भन्दा मिडिया ट्रायल नै गरिएको आफ्नो अनुभव रहेको बताउनुभयो।

टीकापुर जग्गा प्रकरणमा आफ्नो नाम जोडिएको विषयमा मन्त्री डा राणाले भन्नुभयो "म यहाँहरुलाई अनुरोध गर्छु कि यो सूचनाको हक भएको देश हो, यहाँहरु फिल्डमै जानुस् र के हो भन्ने तथ्य आफैँ थाहा पाउनुहोस्, कहीँ कतै मेरो गल्ती देख्नुभएछ भने म यहाँहरुसँग त्यतिबेलै कुरा गरौँला।" उहाँले भन्नुभयो "कस्तो दुष्प्रचार होला हेर्नु त ? प्रहरीको बयानमा मेरो नाम लियो रे भनेर पहिला प्रचार गरियो, तर पछि सोही व्यक्तिले उहाँलाई मैले चिन्दिन, नाम नै सुनेको छैन भन्यो। यसलाई कहाँसम्मको दुष्प्रचार भन्ने ?"

मन्त्री डा राणाले राहदानी र कन्सुलर सेवा प्रवाहको अध्ययन गरी यी दुवै सेवा नेपाली नागरिकका लागि अति आवश्यक र परराष्ट्रले दिनुपर्ने सबैभन्दा महत्वपूर्ण र संवेदनशील सेवा रहेकाले नेपाली नागरिकलाई केन्द्रमा राखेर काम गर्न सबै कर्मचारीलाई निर्देशन दिनुभयो।रासस

# विद्युतीय व्यापारसम्बन्धी कानुन अनिवार्य भइसकेको छ, चाँडो निर्माण गरौँ: मन्त्री भण्डारी



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले विद्युतीय व्यापार विधेयकलाई यथासक्य छिटो अन्तिमरुप दिन अनुरोध गर्नुभएको छ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बुधबारको बैठकमा उहाँले विद्युतीय व्यापारसम्बन्धी कानुन आवश्यकता मात्र नभएर अनिवार्य भएको भन्दै विधेयकलाई अन्तिम रुप दिन अब ढिलाइ गर्न नहुने धारणा व्यक्त गर्नुभयो। विद्युतीय व्यापार विधेयक, २०८० का सम्बन्धमा समितिमा संशोधन प्रस्तावकर्ता सदस्यहरुसँगको छलफलका क्रममा मन्त्री भण्डारीले भन्नुभयो, "मन्त्रालयका तर्फबाट आएको प्रस्ताब हुबहु पारित हुनैपर्छ भन्ने छैन, मिहीन ढङ्गबाट दफावार छलफलसहित विद्युतीय व्यवसायलाई सहयोग र सहजीकरण गर्नेगरी समसामयिक र कार्यान्वयनमुखी विधेयक आउने विश्वास व्यक्त गर्नुभयो।"

"यो कानुन बनाउन जति ढिला भयो उति नै हाम्रो व्यापार नीति प्रवर्द्धनमा समस्या आउँछ", मन्त्री भण्डारीले भन्नुभयो, "हामीले जति सक्दो चाँडो यो कानुन बनाउन सक्यौं त्यति नै हाम्रो व्यापार घाटा कम, स्वदेशी उत्पादनमा वृद्धिसहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरणमा सहयोग पुग्ने देखिएकाले यथासक्य छिटो सर्वसम्मतिबाट विधेयकलाई अन्तिम रूप दिन सबैसँग अनुरोध गर्दछु।"

सो बैठकमा संशोधनकर्ता मनिष झा, दामोदर पौडेल बैरागी, प्रेम सुवाल र नारायणी शर्माले उक्त विधेयकमाथि राख्नुभएको संशोधनमाथि छलफल भएको थियो। संशोधनकर्ता सांसदहरूले विद्युतीय व्यापारमा संलग्न पक्षलाई निरुत्साहित हुनेगरी नियन्त्रणमुखी कानुन बनाउन नहुने सुझाव दिनुभयो।संशोधनकर्ता झाले उद्यमशीलता अभ्यास गरिरहेकालाई कैद सजायको व्यवस्था गरेर निरुत्साहित गर्न नहुने बताउनुभयो। "सामान्य नाङ्लो पसल थापेर उद्यमशीलताको अभ्यास गरिरहेकालाई निरुत्साहित नगर्न र सजाय नराखी जरिवाना एवं क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो।

अर्का, संशोधनकर्ता सुवालले स्वदेशी पुँजी र उत्पादनको कारोबार बढ्नेगरी कानुन बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "नेपाललाई विदेशी व्यापार गर्ने थलो मात्र नबनाऔँ। यस विद्युतीय व्यापारबाट हाम्रो आफ्नो उत्पादनलाई विश्व बजारमा कसरी चिनाउन सकिन्छ ? त्यसतर्फ पनि ध्यान दिनुपऱ्यो।"रासस

# कारागारको भौतिक संरचना थप गर्न आवश्यक छ : गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले मुलुकभरका कारागारमा कैदीबन्दीको संख्या क्षमताभन्दा बढी रहेकाले कारागारको नयाँ भवन निर्माण र भौतिक संरचना थप्नु आवश्यक भएको बताउनुभएको छ।

प्रतिनिधिसभा अन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै गृहमन्त्री लेखकले कारागारको भौतिक संरचना थप गर्नुपर्ने, कैदीबन्दीको स्वास्थ्य उपचारदेखि सिदा रकम वृद्धिलगायत समग्र विषय व्यवस्थापनका लागि आर्थिक व्यवस्थापन जरुरी रहेको बताउनुभयो।"बन्दी र कैदीका रुपमा कारागारमा रहेकाहरुको मानव अधिकारको पूर्ण रुपमा संरक्षण गरिनेछ", मन्त्री लेखकले भन्नुभयो, "त्यहाँको स्थिति सुधार गर्ने तथा सुविधा बढाउने प्रयत्न गरिरहेका छौं।"शान्ति सुरक्षा र कारागार व्यवस्थापनसम्बन्धी सांसदहरुले उठाएको विषयमा बोल्दै उहाँले भौतिक संरचना निर्माणलगायत समग्र विषयमा आर्थिक स्रोत जोडिएको बताउनुभयो।

"सीमित स्रोतसाधन र सीमित आर्थिक व्यवस्थामा अली बढी काम गर्नुपरिरहेको छ", मन्त्री लेखकले भन्नुभयो, "कारागार र बाल सुधारगृहको भौतिक अवस्था अपर्याप्त, जीर्ण र दयनीय छ।"मन्त्री लेखकले बाल सुधारगृहमा बसेका बालबालिकाको आधारभूत



मौलिक हक, अधिकार र मानव अधिकार संरक्षण एवं सुरक्षामा प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यसैगरी देशमा शान्ति सुरक्षा, अमनचयन स्थापित गर्न तथा सुशासनको प्रत्याभूति एवं सुनिश्चितताका लागि केही कानुन संशोधन परिमार्जन र नयाँ निर्माणमा आफू लागि परेको बताउनुभयो।

"प्रहरी सङ्गठन सुदृढ गर्न प्रहरी ऐन संशोधन गर्नुपर्ने छ", उहाँले भननुभयो, "समसामयिक रुपमा सुदृढ र समयसापेक्ष बनाउन संशोधन आवश्यक छ।" कर्मचारीको सरुवालाई सरुवाकै रुपमा बुझिदिन उहाँले आग्रह गर्नुभयो।मनसुनजन्य विपद् बाट ७७ वटै जिल्ला प्रभावित रहेको जानकारी दिँदै मन्त्री लेखकले प्राकृतिक विपद् न्यूनीकरणका लागि पूर्व सूचना प्रणालीको विकास, घटनापछि उद्धार र राहतका लागि सरकार लागिपरेको बताउनुभयो।

चितवनको सिमलताल बस दुर्घटनाका विषयमा खोजी कार्यमा सक्दो प्रयास जारी रहेको उल्लेख गर्दै मन्त्री लेखकले सो कार्यमा सबै सुरक्षा निकाय खटिएको बताउनुभयो। "सिमलताल घटनामा जति परिणाम प्राप्त गर्नुपर्ने हो त्यो गर्न सकेनौँ", उहाँले भन्नुभयो, "भारतबाट पनि प्राविधिकसहितको टोली आएर खोजी कार्यमा जुट्दा पनि बस र सबै शव फेला पार्न सकिएन्।"बैठकमा गृहसचिव एकनारायण अर्यालले मुलुकको समग्र शान्ति सुरक्षा, कारागार र बाल सुधार गृहको अवस्था, मनसुनजन्य विपद्का घटनामा भएको जनधनको क्षति लगायतको विषयमा जानकारी गराउनुभएको थियो।रासस

# सञ्चार क्षेत्रमा राससले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ : सञ्चार मन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले समाचार विषयवस्तु उत्पादनका क्षेत्रमा राष्ट्रिय समाचार समिति (रासस)ले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ। मन्त्रालयको जिम्मेवारी सम्हालेपछि बुधबार रासस केन्द्रीय कार्यालय भद्रकालीमा 'ब्रिफिङ' लिँदै उहाँले समाचारका क्षेत्रमा राससलाई 'गुरु' संस्थाका रुपमा विकास गर्न आग्रह गर्नुभयो।

"सबै सञ्चार माध्यमको अभिभावक रासस बन्नुपर्छ, समाचारको स्रोत रासस हुनुपर्छ, यसको सेवालाई प्रभावकारी बनाएर लैजानुपर्छ", मन्त्री गुरुङले भन्नुभयो, "राजनीतिक प्रभावबाट मुक्त पारेर राससलाई आस्थाको केन्द्र बनाउनुपर्छ।" परम्परागत कार्यशैली परिवर्तन गरेर परिणाममुखी काममा केन्द्रित हुन निर्देशन दिँदै मन्त्री गुरुङले देश र जनताको पक्षमा सकारात्मक नतिजा दिने आफ्नो योजनामा दृढ भएर अघि बढ्न आग्रह गर्नुभयो।

"अब यथास्थितिमा रहनु हुँदैन, शैली र व्यवहार बदल्नुपर्छ, म यथास्थितिलाई बदल्न आएको छु, परिवर्तनमा राससले सहयोग गर्नुपर्छ, हाम्रा पालामा राससलाई भिन्न बनाऔँ", मन्त्री गुरुङले भन्नुभयो।सरकारका संयन्त्रलाई बलियो बनाएर लैजानुपर्ने धारणा व्यक्त गर्दै मन्त्री गुरुङले सरकारी संस्थामा संरचनात्मक सुधारको आवश्यकता औँल्याउनुभयो। राससको ऐनलाई समयानुकूल परिमार्जन गर्नुपर्छ भन्दै उहाँले सञ्चारसम्बन्धी कानुन परिमार्जन आफ्नो प्राथमिकतामा रहेको बताउनुभयो। "राससको ऐन संशोधनका लागि तयारी गर्नुस्, मन्त्रालयले सहयोग गर्छ", उहाँले



भन्नुभयो।

सेवा प्रवाह र सुशासनका क्षेत्रमा तत्काल थप सुधार थाल्न निर्देशन दिँदै मन्त्री गुरुङले सुधारका प्रयासमा सधैँ आफ्नो साथ र सहयोग रहने विश्वास दिलाउनुभयो। राससको नेतृत्वले अवसरलाई परिणाममा रुपान्तरण गर्नुपर्नेमा जोड दिँदै उहाँले प्राप्त जिम्मेवारीलाई इमान्दारितापूर्वक सम्पादन गर्न निर्देशन दिनुभयो। "राससलाई आकर्षणको केन्द्र बनाउनुपर्छ, यसमा कर्मचारीको हातेमालो आवश्यक छ", मन्त्री गुरुङले भन्नुभयो, "मेहनत गर्नेले नै सफलता प्राप्त गर्छ, पदमा रहुन्जेल इमान र मेहनतका साथ असल काम गर्नुपर्छ।"

**'मन्त्रिपरिषद् निर्णय परिपक्व हुन २४ घन्टा'**

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले मन्त्रिपरिषद्का निर्णयलाई परिपक्व बनाउन २४ घन्टापछि मात्रै निर्णय सार्वजनिक गर्ने व्यवस्था गरिएको स्पष्ट पार्नुभयो। "कहिलेकाहीँ मन्त्रिपरिषद्का निर्णय सम्बन्धित मन्त्री वा प्रधानमन्त्रीले फिर्ता वा संशोधन गर्नुपर्ने अवस्था हुनसक्छ", उहाँले भन्नुभयो, "त्यसकारण २४ घन्टा अगावै निर्णय सार्वजनिक गर्नु उचित हुँदैन।"सरकारले मन्त्रिपरिषद्का निर्णय २४ घन्टापछि प्रवक्ताले मात्रै सार्वजनिक गर्ने निर्णय गरे पनि मन्त्रिपरिषद्का सदस्यले नै आफूखुसी सञ्चार माध्यमलाई सूचना दिने गरेकामा मन्त्री गुरुङले असन्तुष्टि व्यक्त गर्नुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले संस्था सुधारको पक्षमा मन्त्रीको 'स्प्रिट'सँगै आफू रहेको उल्लेख गर्दै मन्त्रालयसँग समन्वय गरेर अघि बढ्दै आएको स्पष्ट पार्नुभयो। उहाँले मन्त्रालयले दिएको निर्देशनको पूर्ण परिपालना गरिने प्रतिबद्धता व्यक्त गर्दै आफ्नो कार्यकालमा कुनै गुनासो आउन नदिइने विश्वास दिलाउनुभयो। राससलाई सरकारको भरमा मात्रै सीमित नराखी आत्मनिर्भर गराउने योजनाका साथ अघि बढेको जानकारी दिँदै कार्यकारी अध्यक्ष झाले पछिल्ला समय सेवा विविधीकरण गरिएको बताउनुभयो।

"सेवा विविधीकरण गरे पनि जनशक्तिको अभाव हुँदा प्रभावकारी सेवा प्रवाहमा बाधा सिर्जना भएको छ", उहाँले भन्नुभयो, "सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गर्न मन्त्रालयको विशेष सहयोगको अपेक्षा गरिएको छ।" कार्यकारी अध्यक्ष झाले सञ्चार माध्यमका विषयवस्तु (कन्टेन्ट) विकास गर्ने संस्थाका रुपमा रहेको राससलाई विभिन्न मातृभाषाका समाचार उत्पादनको जिम्मेवारी दिन आग्रह गर्नुभयो। उहाँले सो जिम्मेवारी दिएमा पूरा गर्ने विश्वास दिलाउनुभयो।

राससका महाप्रबन्धक सिद्धराज राईले राससले सम्पादन गर्दै आइरहेको सेवाका बारेमा जानकारी दिँदै समाचार सेवालाई २४ सै घन्टा प्रवाह तथा विभिन्न मातृभाषाका बुलेटिन प्रकाशनको तयारी भइरहेको बताउनुभयो। मन्त्री गुरुङलाई रासस केन्द्रीय कार्यालयमा कार्यकारी अध्यक्ष झा, महाप्रबन्धक राई, नायब महाप्रबन्धक, विभागीय प्रमुखलगायत कर्मचारीले स्वागत गर्नुभएको थियो। सो क्रममा मन्त्री गुरुङले रासस समाचार कक्षको अवलोकनसमेत गर्नुभयो। यसअघि उहाँले गणतन्त्र दिवसको अवसर पारेर 'गणतन्त्रका उपलब्धि : समृद्धिका लागि पूर्वाधार' शीर्षकमा आयोजना गरिएको तस्बिर प्रदर्शनीको समेत अवलोकन गर्नुभएको थियो। रासस

# बाँकी काम पूरा गर्न सबै मिलेर अगाडि बढ्नुपर्छ: उपप्रधानमन्त्री पौडेल

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सङ्क्रमणकालीन न्याय र शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सबै मिलेर अगाडि बढ्नुपर्ने बताउनुभएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा बुधबार आयोजित ३२ औँ प्रकाश स्मृति दिवस तथा ३० औँ प्रकाश मानवअधिकार पुरस्कार वितरण कार्यक्रममा अर्थमन्त्री पौडेलले यस्तो बताउनुभएको हो। उपप्रधानमन्त्री पौडेलले सङ्क्रमणकालीन न्याय र शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सबै मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

"विगतमा द्वन्द्वबाट गुज्रिएको नेपालमा द्वन्दको अवस्थालाई त अन्त्य गऱ्यौँ तर सङ्क्रमणकालीन न्याय र शान्ति प्रक्रियाका काम बाँकी छन्। यी काम पूरा गर्ने जिम्मेवारी मानवअधिकारकर्मी, नेपाल सरकार, नागरिकसमाजलगायत सबैको हो।



सबै मिलेर अगाडि बढ्न आवश्यक छ। पीडितको पक्षमा हुने गरी द्वन्द्वका बाँकी कामलाई अन्त्य गर्न लाग्नुपर्छ", उहाँले भन्नुभयो।

उपप्रधानमन्त्री पौडेलले लोकतन्त्र नभई मानवअधिकार प्रयोगको अवस्था रहँदैन भन्नेमा नेपाल सरकार प्रष्ट र यसको संरक्षणका लागि प्रतिबद्ध रहेको धारणा राख्नुभभयो। "लोकतन्त्रविना मानवअधिकारको रक्षा हुन सक्दैन। यसर्थ मानवअधिकारको रक्षा र सबल अवस्थाका निर्माणका लागि लोकतन्त्र अपरिहार्य छ। यसमा नेपाल सरकार प्रतिबद्ध छ", उहाँको भनाइ थियो।

उपप्रधामन्त्री पौडेलले मानवअधिकारको संरक्षणका लागि राज्यलाई जिम्मेवार बनाउन र नेपालमा न्याय मर्ने छैन भन्ने विश्वास दिलाउन सबै मिलेर थप कार्य गर्न आवश्यक रहेकामा जोड दिनुभयो। उहाँले मानवअधिकारको पक्षमा इन्सेकले गरेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो।

इन्सेकका संस्थापक अध्यक्ष तथा मानवअधिकार आयोगका पूर्वसदस्य सुशील प्याकुरेलले आफूमाथि भएको अन्याय र न्यायका लागि लड्नु मानवअधिकार क्षेत्रको ठूलो आन्दोलन हो भन्नुभयो। उहाँले द्वन्द्व सकिएपछि सङ्क्रमकालीन न्याय मुख्य सरोकारको विषय भएकाले यसमा सबै गम्भीर हुनुपर्ने बताउनुभयो। राष्ट्रिय मानवअधिकार आयोगका सदस्य लिली थापाले मानवअधिकारको रक्षाका लागि मानवअधिकारका विषयमा व्यापक सचेतता जगाउन आवश्यक छ भन्नुभयो।

इन्सेकका अध्यक्ष डा कुन्दन अर्यालले सङ्क्रमणकालीन न्यायको विषयमा नेपाल सरकारको धारणा सकारात्मक रहेको बताउनुभयो। इन्सेकले यसवर्षको प्रकाश मानवअधिकार पुरस्कार काभ्रेको नमोबुद्ध नगरपालिका-९ दाप्चाकी पूर्णिमाया लामा तामाङलाई प्रदान गरेको हो। उहाँ सङ्क्रमणकालीन न्यायका लागि सङ्घर्षरत हुनुहुन्छ। पुरस्कार ग्रहणपश्चात मन्तव्य राख्नुहुँदै तामाङले निर्दोष मान्छेलाई अपहरण गरी हत्या गर्नेलाई कारबाहीका लागि आफू सङ्घर्षमा रहेको र ढिलै भएपनि न्याय मिल्ने आशा रहेको बताउनुभयो।रासस

# नेपालमा वैदेशिक लगानी बढाएर सहयोग गर्न स्वीस राजदूतलाई प्रधानमन्त्रीको आग्रह

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको आर्थिक विकास र समृद्धिका लागि बढीभन्दा बढी प्रत्यक्ष वैदेशिक लगानीकर्ता भित्र्याएर सहयोग गर्न स्वीट्जरल्याण्ड सरकारलाई आग्रह गर्नुभएको छ।

शिष्टाचार भेटका लागि बुधबार प्रधानमन्त्री निवास बालुवाटार आउनुभएका नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत डानियल मेउल्ली मोन्टेलोनेसँग प्रधानमन्त्री ओलीले नेपालको विकासका लागि वैदेशिक सहयोग उत्प्रेरक हुने बताउनुभयो। उहाँले समावेशी लोकतान्त्रिक संरचनाको विकासका लागि स्वीट्जरल्याण्डको अभ्यास स्थापित भएको उल्लेख गर्दै नेपाल सरकारले लोकतन्त्रको सबलीकरण गर्दै राज्यका संरचनालाई भूइँतहका जनताप्रति उत्तरदायी बनाउने प्रयत्न गरिरहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले प्रत्यक्ष वैदेशिक लगानी बढाउन सरकारले आवश्यक सुधारात्मक कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै हालै सम्पन्न नेपाल लगानी सम्मेलनमा ५० मुलुकबाट उत्साहजनक सहभागिता भएको उल्लेख गर्नुभयो। नेपाल सन् २०२६ सम्ममा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने र सन् २०३० सम्ममा मध्यम आय भएको मुलुक बन्ने लक्ष्य लिएकाले विकास साझेदारबाट सहयोग अभिवृद्धिको अपेक्षा व्यक्त गर्नुभयो।

सो अवसरमा प्रधानमन्त्री ओलीले नेपालको विकासमा निरन्तर सहयोग, कोभिड–१९ को रोकथाममा सहयोग तथा शान्ति प्रक्रियामा सहयोग र सद्भावका लागि स्वीट्जरल्याण्ड सरकारलाई धन्यवाद दिनुभयो। प्रधानमन्त्री ओलीले गत जुलाइमा राष्ट्रपति रामचन्द्र पौडेलबाट भएको स्वीट्जरल्याण्ड भ्रमण र सन् २०१९ मा आफू प्रधानमन्त्री हुँदा डाभोसमा सम्पन्न विश्व आर्थिक मञ्चमा सहभागिताको स्मरण गर्दै यस्ता उच्चस्तरीय भ्रमण र बैठक आदानप्रदानबाट आपसी सम्बन्धमा नयाँ आयाम थपिने बताउनुभयो।

राजदूत डानियलले प्रधानमन्त्री ओलीलाई कार्यकाल सफलताको लागि बधाई र शुभकामना दिँदै दुई पक्षीय पारस्परिक हित तथा सहयोग र सहकार्यलाई निरन्तरता दिने विश्वास दिलाउनुभयो। भेटका अवसरमा प्रधानमन्त्री ओलीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य, परराष्ट्र मन्त्रालयका अधिकारीलगायत सहभागी हुनुहुन्थ्यो। रासस

# रूसद्वारा तेस्रो चरणको आणविक हतियार अभ्यास सुरु

एएफपी

मस्को ।रूसले रणनीतिक आणविक हतियारको प्रयोगमा तेस्रो चरणको अभ्यास सुरु गरेको बुधबार घोषणा गरेको छ ।अभ्यास मध्य र दक्षिणी क्षेत्र, नर्थ ककाशस र रूसमा गाभिएको क्रिमियाका साथै दक्षिणी र पूर्वी युक्रेनका चार क्षेत्रमा भइरहेको रक्षा मन्त्रालयले जनाएको छ ।

युक्रेनमा सैन्य कारबाहीका लागि मस्कोको मुख्यालय



रहेको रूसी सहर रोस्तोभ-अन-डन क्षेत्रमा पनि अभ्यास भइरहेको छ ।गैर-रणनीतिक आणविक अभ्यासको तेस्रो चरण सुरु भएको जानकारी रूसी रक्षा मन्त्रालयले विज्ञप्ति मार्फत सार्वजनिक गरेको हो । अभ्यासको चरणमा इस्कन्दर-एम मिसाइल प्रणाली र विभिन्न विमानहरूको प्रयोगबारे प्रशिक्षण समावेश भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार अभ्यासमा संलग्न सैन्य कर्मचारीले 'विशेष गोला बारुद' प्राप्त गर्न, मिसाइल प्रणाली र विमानहरू सजावट गर्ने तालिम लिनेछन् ।क्रेमलिनका अनुसार, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रौँले युक्रेनमा फ्रान्सेली सेना पठाउने सम्भावना व्यक्त गरेपछि, राष्ट्रपति भ्लादिमिर पुटिनले मे महिनाको सुरुमा पश्चिमी राष्ट्रहरूबाट आएको खतराको जवाफमा यी अभ्यासहरू आंशिक रूपमा सञ्चालन गर्न आदेश दिनुभएको थियो ।

अभ्यासको पहिलो चरण मे महिनामा सुरु भएको थियो । द्वन्द्व सुरु भएदेखि पुटिनले आणविक हतियारहरूको सम्भावित प्रयोगको चेतावनीसमेत दिनुभएको थियो । मे महिनामा बेलारूसको मिन्स्कले सामरिक आणविक हतियार लन्चरहरू प्रमाणित गर्न मस्कोसँगै संयुक्त सैन्य अभ्यासको घोषणा गरेको थियो ।

# हमास प्रमुखको हत्यापछि इजराइलीहरूलाई बन्धकहरूको डर

एएफपी

हाइफा ।तेहरानमा हमास प्रमुख इस्माइल हानियाको हत्यापछि गाजामा अझै बन्दी बनाइएका दर्जनौं बन्धकको भाग्यलाई लिएर इजरायलीहरूबीच बुधबार चिन्ता बढेको छ । "हानियाको हत्या गलत थियो किनकी यसले बन्धक सम्झौताको सम्भावनालाई खतरामा पार्छ", तटीय सहर हाइफा निवासी ५० वर्षीय अनात नोयले भन्नुभयो, "हामी आज हृदयमा डरको भावना लिएर उठेका छौं र यो अझ बढ्न सक्छ, त्यहाँ कुनै शान्ति छैन, हामी डराएका छौं ।"

बुधबार हमास र इरानी रिभोल्युसनरी गार्डले ६१ वर्षीय हानिया तेहरानमा इजराइली आक्रमणमा मारिएको घोषणा गरेका छन् ।उहाँ मङ्गलबार इरानी राष्ट्रपति मसुद पेजेसकियानको शपथ ग्रहण समारोहमा सहभागी हुन इरानी राजधानीमा हुनुहुन्थ्यो । प्यालेस्टिनी आन्दोलन हमासका राजनीतिक प्रमुखका रूपमा हानियाले गाजामा युद्ध अन्त्य गर्न र इजरायलमा प्यालेस्टिनी कैदीहरूको बदलामा यस क्षेत्रमा राखिएका बन्धकहरूलाई रिहा गर्ने सम्झौताका लागि वार्ताको निरीक्षण गरिरहनुभएको थियो ।

हमासको सशस्त्र शाखा एजेदिन अल-कसम ब्रिगेडले हानियाको हत्याले इजरायलसँगको युद्धलाई 'नयाँ स्तर' मा पुर्‍याएको भन्दै 'सम्पूर्ण क्षेत्रका लागि ठूलो परिणाम' को चेतावनी दिएको छ । इजरायलमा हमासको अभूतपूर्व



आक्रमणपछि युद्ध सुरु भएको हो । आधिकारिक इजरायली आँकडाका आधारमा एएफपीको ट्यालीअनुसार हमासको आक्रमणमा अधिकांश सर्वसाधारणसहित एक हजार एक सय ९७ जनाको मृत्यु भएको थियो ।

हमास लडाकूहरूले दुई सय ५१ बन्दीलाई बन्धकसमेत बनाएका छन् । तीमध्ये एक सय ११ अहिले पनि गाजामा छन् र तीमध्ये ३९ जनाको मृत्यु भएको इजरायली सेनाले पुष्टि गरेको छ । हमास शासित क्षेत्रको स्वास्थ्य मन्त्रालयलका अनुसार हमासविरुद्धको इजरायली जवाफी आक्रमणमा गाजामा ३९ हजार चार सय ४५ जनाको मृत्यु भएको छ ।

**समयको सार**

कतार र इजिप्टको मध्यस्थता तथा अमेरिकाको समर्थनमा हमास र इजरायलबीच युद्धविराम र बन्धकहरूको रिहाई सम्झौताका लागि महिनौंसम्मको वार्ता असफल भएको छ । इजरायल र हमास दुवैले सम्झौतामा ढिलाइका लागि एकअर्कालाई दोषारोपण गरेका छन् । हाइफाका अर्का बासिन्दा अवित बेन-इशाईले भन्नुभयो, "बन्धकहरू घर फर्किएपछि हामी खुशी हुनेछौं र युद्ध समाप्त हुनेछ ।"अभियान समूह होस्टेज एन्ड मिसिङ फ्यामिलिज फोरमले युद्धको पछिल्लो करिब १० महिनाको सैन्य उपलब्धिलाई स्वीकार गरेको छ तर 'साँचो उपलब्धि' बन्धकहरूको फिर्तीपछि मात्र आउनसक्ने बताएको छ ।

हानियाको हत्याको घोषणापछि जारी विज्ञप्तिमा भनिएको छ, "समयको सार हो र हामी इजरायली सरकार र वैश्विक नेताहरूसँग वार्तालाई निर्णायकरूपमा अगाडि बढाउन आग्रह गर्दछौं, यो सम्झौताका लागि समय हो ।"तेल अभिव निवासी शाहर बिन्यामीले हमास र लेबनानका हिजबुल्लाह आन्दोलन जस्ता सहयोगीहरूले हानियाको हत्यामा कस्तो प्रतिक्रिया दिन्छन् भन्ने कुराले चिन्तित रहेको बताउनुभयो ।

"हमास र हिजबुल्लाहको प्रतिक्रियाले मलाई अहिले तनाव दिएको छ", डरका कारण सामुद्रिक तट जाने योजना रद्द गर्दै २५ वर्षीय बिन्यामीले भन्नुभयो, "मेरो साथी सेप्टेम्बरमा उत्तरमा रिजर्भ सेवामा थिए र उनलाई स्ट्यान्डबाइ हुन भनिएको थियो ।"हानियाको हत्या हुनु केही घन्टाअघि मङ्गलबार राति इजरायली आक्रमणले दक्षिण बेरुत उपनगरको एक भवनमा हिजबुल्लाहका शीर्ष कमान्डर फुआद शुक्रलाई निशाना बनाएको थियो । लेबनानी समूहले अहिलेसम्म शुक्रको मृत्युको पुष्टि गरेको छैन ।

आफ्नो पहिलो नाम मात्र बताउने तेल अभिव निवासी ज्याकोबले हानियाको हत्याबाट द्वन्द्वको समाधान हुन्छ वा हुँदैन भन्नेबारे निश्चित नभएको बताउनुभयो । "हाम्रो लक्ष्य सबैभन्दा पहिला बन्धकहरूको रिहाई हुनुपर्छ र अक्टोबर ७ को युद्ध हुनुहुन्नथ्यो", उहाँले भन्नुभयो, "इजरायलले मध्यपूर्वमा शान्तिपूर्ण अस्तित्वका लागि सक्दो प्रयास गरिरहेको छ, हामीले सधैँ हाम्रो रक्षा गर्नुपर्छ ।"

# सिङ्गापुर र अमेरिकाबीच गैर-सैनिक परमाणु उर्जा सहयोग सम्झौतामा हस्ताक्षर

एएफपी

सिङ्गापुर ।संयुक्त राज्य अमेरिका र सिङ्गापुरले बुधबार परमाणु ऊर्जाको शान्तिपूर्ण प्रयोगको सम्बन्धलाई प्रगाढ बनाउने उदेश्यले एउटा सम्झौतामा हस्ताक्षर गरेको छ ।

एसियाको भ्रमणको क्रममा वासिङ्टनका शीर्ष कूटनीतिज्ञ अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र उहाँको सिङ्गापुरका समकक्षी भिभियन बालाकृष्णनले गैर-सैनिक परमाणु उर्जासँग सम्बन्धित '१२३ सम्झौता' मा हस्ताक्षर गर्नुभएको छ ।

"यो सम्झौता संयुक्त राज्य अमेरिका र सिङ्गापुरबीच लामो समयदेखि रहेको सहकार्यमा आधारित छ । यसले आपसी प्रतिबद्धतामा आधारित शान्तिपूर्ण गैरसैनिक परमाणु उर्जा सहयोगका लागि गहिरो सम्बन्ध बनाउने विस्तृत ढाँचाको रूपरेखा बनाउँछ," सम्झौतापछि दुवै देशका प्रतिनिधिद्वारा जारी



संयुक्त विज्ञप्तिमा भनिएको छ ।

क्षेत्रीय वित्तीय केन्द्र र विश्वव्यापी सेमिकन्डक्टर उद्योगको एक प्रमुख उत्पादक सिङ्गापुर हाल तेल र प्राकृतिक ग्यासमा भने निर्भर छ । यसले सन् २०५० सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य पूरा गर्न परमाणु उर्जासहितका विकल्पहरूको अध्ययन गरिरहेको छ ।अमेरिकी संसदले समीक्षा गरेपछि सन् २०२४ को अन्त्यसम्ममा यो सम्झौता लागु हुने अपेक्षा गरिएको छ ।

"यो सम्झौता ३० वर्षसम्म चल्नेछ र सिङ्गापुरलाई अमेरिकी ऊर्जा प्रविधि र निर्यात नियन्त्रणमा रहेको विशेषज्ञताबारे विस्तृत जानकारीको पहुँचमा सहजीकरण गर्नेछ," विज्ञप्तिमा भनिएको छ । "यो सम्झौतापश्चात सिङ्गापुर पनि अमेरिकी विदेश विभागको कार्यक्रममा सामेल हुनेछ जसले साझेदारहरूलाई थप उन्नत परमाणु ऊर्जा प्रविधिबारे बुझ्न सक्षम बनाउँछ ।"वासिङ्टनले चीन, इन्डोनेसिया, फिलिपिन्स र भियतनामलगायत २२ वटा देशका साथै युरोपेली आणविक ऊर्जा समुदाय र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी गरी दुई संस्थाहरूसँग सक्रिय '१२३ सम्झौता' गरेको छ ।

"यो सम्झौता ३० वर्षसम्म चल्नेछ र सिङ्गापुरलाई अमेरिकी ऊर्जा प्रविधि र निर्यात नियन्त्रणमा रहेको विशेषज्ञताबारे विस्तृत जानकारीको पहुँचमा सहजीकरण गर्नेछ," विज्ञप्तिमा भनिएको छ ।

# भारतमा पहिरोमा परी मृत्यु हुनेको संख्या १४३ पुग्यो

एएनआई

केरला । भारतको वायनाडमा गएको पहिरोमा परि ज्यान गुमाउनेको सङ्ख्या १४३ पुगेको छ । पहिरो प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्य जारी रहेको केरलाको स्वास्थ्य विभागले जनाएको छ ।

विनासकारी पहिरोले आवास



तथा सडकहरू क्षतिग्रस्त हुनुका साथै जलप्रवाह बढेकाले उद्धार कार्यमा बाधा पुर्‍याएको जनाइएको छ ।यसैबीच, मङ्गलबार केरला विधान सभामा राष्ट्रिय झण्डा आधा झुकाएको छ भने दुई दिने शोकको घोषणा गरेको छ ।

मङ्गलबार सङ्घीय मन्त्री जर्ज कुरियनले जारी राहत कार्यको समीक्षा गर्न वायनाड पुगी एनडीआरएफ, सीआरपीएफ र सेनाका वरिष्ठ अधिकारीहरूसँग भेट गरेको र राहत शिविरकोसमेत अवलोकन गरेको सामाजिक सञ्जाल एक्समार्फत जानकारी गराउनुभएको छ । मन्त्री जर्जले यसअघि, वायनाड पहिरोको जारी अवस्थाको मूल्याङ्कन गर्न स्वास्थ्य विभाग निर्देशनालयको भ्रमण गरी प्रभावित क्षेत्रमा उपचारको व्यबस्था मिलाउन निर्देशन दिनु भयो । मन्त्री जर्जले आवश्यकताअनुसार अस्थायी अस्पताल स्थापना गर्न सिफारिससमेत गर्नु भयो ।

यसैबीच, भारतीय मौसम विज्ञान विभाग (आइएमडी) ले जुलाई ३१ र अगष्ट १ मा केरलामा भारी वर्षा हुने पूर्वानुमान गरेको छ । मुख्यमन्त्री पिनाराई विजयनले वायनाडको पहिरो प्रभावित चुरालमालामा उद्धार कार्य्य द्रूत बनाउन उच्चस्तरीय बैठक आयोजनमा गर्नु भएको थियो । यसमा विभिन्न केन्द्रीय सङ्घसंस्था र सेनासँगको सहकार्यमार्फत राहत अभियान अघि बढाउने विषयमा छलफल भएको थियो ।

# नयाँ प्रतिद्वन्द्वी ह्यारिसविरुद्ध चुनावी रणनीति तयार पार्दै ट्रम्प

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपतीय निर्वाचनमा १०० दिनभन्दा कम समय बाँकी रहँदा उम्मेदवार डोनाल्ड ट्रम्प आफ्नो नयाँ प्रतिद्वन्द्वी कमला ह्यारिसलाई मध्यनजर गर्दै चुनावी रणनीति बदल्न बाध्य हुनुभएको छ ।

जुलाई २१ मा अमेरिकी राष्ट्रपति जो बाइडेनले उपराष्ट्रपति ह्यारिसलाई डेमोक्र्याटिक उम्मेदवारको रूपमा समर्थन गर्दै आफ्नो उम्मेदवारी फिर्ता लिएपछि रिपब्लिकनको रणनीति उथलपुथल भएको हो । ट्रम्पले ८१ वर्षीय बाइडेनको स्वास्थ्यलाई आफ्नो राजनीतिक रणनीति बनाउदै उहाँलाई कमजोर वृद्धको रूपमा चित्रण गर्नुभएको थियो । अब उहाँले आफुभन्दा लगभग दुई दशक कान्छी पहिलो अश्वेत, महिला र दक्षिण-एसियाली मुलको नितान्त फरक उम्मेदवारको सामना गर्नुहुनेछ ।

उम्मेद्वारको परिवर्तनले ट्रम्प र रिपब्लिकनहरूलाई आफ्नो रणनीति द्रूत रूपमा परिवर्तन गर्न बाध्य पारेको छ । अहिलेसम्म उहाँले आफ्नो नयाँ प्रतिद्वन्द्वीलाई 'लाइङ कमला', 'लाफिङ कमला' र 'क्रेजी कमला' का रूपमा वर्णन गर्नुभएको छ । गत हप्ता उत्तरी क्यारोलिनामा आयोजित समारोहमा गर्भपतनको विषयमा ह्यारिसको गलत व्याख्या गर्दै ट्रम्पले अमेरिकी उपराष्ट्रपतिलाई ' बच्चाको मृत्युदण्ड' को पक्षमा रहेको झूटो आरोप लगाउनुभएको थियो ।

चुनावी अभियानअन्तर्गत ट्रम्प बुधबार अश्वेत समुदायले सामना गर्ने समस्याको विषयमा अफ्रिकी-अमेरिकी पत्रकारहरूसँग छलफल गर्न शिकागो जानुहुनेछ । त्यसको भोलिपल्ट उहाँले पेन्सिलभेनियामा एउटा अभियान र्‍याली आयोजना गर्नुहुनेछ । चुनावी कार्यक्रमको नै शिलशिलामा ट्रम्प शनिबार एटलान्टा र जर्जिया पुग्नुहुनेछ ।

अमेरिकी सञ्चारमाध्यमले राष्ट्रपतीय दौडमा ह्यारिसको प्रवेश रिपब्लिकनका लागि 'कडा चुनौती' भएको वर्णन गरेका छन् ।

हालैका दिनमा चुनावी अभियानका लागि विस्कन्सिन, जर्जिया र इन्डियाना पुग्नुभएको ह्यारिसले बुधबार साँझ टेक्सासको ह्युस्टनमा अफ्रिकी-अमेरिकी विद्यार्थीहरूको भेलालाई सम्बोधन गर्नहुनेछ ।


॥ हार्दिक श्रद्धाञ्जली ॥



जन्ममिति
१९९३/१२/१६

स्व. लक्ष्मी साह

स्वर्गारोहण
२०८१/०४/०६

हाम्रा अभिभावक तथा पथप्रदर्शक धनौजी गाउँपालिका वार्ड नं. ३, झोझी कटैया निवासी प्रातः स्मरणीय लक्ष्मी साहको निधनले हामी मर्माहत भएका छौं । अतः दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै उहाँप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**छोरा/बुहारी**
श्री राजकिशोर साह/श्रीमती सुनैना देवी साह
श्री रामराज साह/श्रीमती गिता देवी साह
**छोरी/ज्वाई**
शान्ती देवी/स्व. ढकाई साह
बनारसी देवी/राम प्रसाप साह
नाति/नातिनी/बुहारी/ज्वाई
संजय कुमार साह/ममता कुमारी साह
डा. पुजा/श्याम
ममता कुमारी साह/लक्ष्मण साह
विजय कुमार साह/ममता कुमारी साह
पिंकी कुमारी साह/राजीव कुमार साह
राम कृपाल साह/उषा साह
राम दयाल साह
राम पुकार साह/किरण साह
डा. शेखर साह
रिंकी कुमारी साह
अजय कुमार साह
**परनाती/नातनीहरू**
सोनु, हिसा, प्रेम, भास्कर, सुमीत, दीसा
राणी साह, रोहन साह, रिधीस

**सागरमाथा आईरन स्टोर**
ज.उ.म.न.पा.-४

**सन्त कबिर जेनरल सप्लायर्स**
ज.उ.म.न.पा.-४


# अस्ट्रेलियाद्वारा बदाम एलर्जी भएका बच्चाहरूको लागि उपचार सुरु

सिन्ह्वा

क्यानबेरा । अस्ट्रेलियाले बदामको एलर्जी भएका बच्चाहरूका लागि विश्वको पहिलो ओरल इम्युनोथेरापी (ओआइटी) कार्यक्रम सुरु गरेको छ ।

एडेबट ओआइटी कार्यक्रमअन्तर्गत बदामबाट एलर्जी भएका १२ महिनाभन्दा मुनिका बालबालिकाहरूलाई जीवन-खतरनाक अवस्थामाथि विजयी हुने आशामा एलर्जीप्रति सहिष्णुता बढाउन बदामको धुलोको दैनिक खुराक दिइनेछ ।पाँच राज्यका १० वटा सार्वजनिक बाल अस्पतालले उपचार प्रदान गर्न सरकारद्वारा अनुदान प्राप्त राष्ट्रिय एलर्जी केन्द्र उत्कृष्टता (नास) सँग



साझेदारी गरेका छन् । मुख्यधाराको हेरचाहमा प्रस्ताव गरिएको बदामको एलर्जीका लागि यो पहिलो राष्ट्रव्यापी ओआइटी कार्यक्रम हो । स्वास्थ्य सहायकमन्त्री गेड केर्नीले बुधबार विज्ञप्तिमा उक्त कार्यक्रम बदामको एलर्जी भएका अस्ट्रेलियालीहरूका लागि 'गेम चेन्जर' हुनसक्ने बताउनुभयो । "आजको घोषणा शिशुहरूमा घातक बदाम एलर्जीविरुद्ध लड्ने दिशामा ठूलो कदम हो", उहाँले भन्नुभयो । यो निःशुल्क कार्यक्रम १० सहभागी अस्पतालहरूमा एलर्जी विशेषज्ञहरूबाट हेरचाह प्राप्त गर्ने योग्य शिशुहरूलाई प्रस्ताव गरिनेछ ।कार्यक्रममा रहेका बच्चाहरूले बदाम पाउडरको खुराक सुरु गर्नुअघि उनीहरूको बदामको एलर्जी पुष्टि गर्न पहिले खाना परीक्षण गरिने छ ।

साथै घरमा दैनिक निर्धारित डोज लिएको एक महिनापछि तिनीहरू डोज बढाउन अस्पताल फर्कनेछन् ।यो प्रक्रिया दुई वर्षसम्म जारी रहनेछ । त्यसपछि तिनीहरू छूटमा छन् कि छैनन् भनेर निर्धारण गर्न अर्को खाना परीक्षण सञ्चालन गरिनेछ ।यस कार्यक्रमको नतिजा नासद्वारा विश्लेषण गरिनेछ । यदि यो कार्यक्रम सफल भयो भने थप अस्पताल र निजी स्वास्थ्य क्लिनिकहरूद्वारा अपनाउन सकिन्छ ।

विश्वमा अस्ट्रेलियाका बालबालिकामा खानाको एलर्जी सबैभन्दा बढी छ ।मेलबर्नको मर्डोक चिल्ड्रेन्स रिसर्च इन्स्टिच्युट (एमसिआरआई) का अनुसार अस्ट्रेलियाका १० मध्ये एक र प्राथमिक विद्यालय जाने उमेरका २० मध्ये एक बच्चालाई खानाको एलर्जी हुन्छ ।

# रेशम विकास केन्द्र : उत्पादन घट्दै, जेनतेन सञ्चालन

काभ्रेपलाञ्चोक । करिब ५० वर्षअघि काभ्रेपलाञ्चोकको खोपासीमा स्थापित रेशम विकास केन्द्र जेनतेन सञ्चालनमा छ । पनौती नगरपालिका-१२ मा जीर्ण बन्दै गएका प्रशासनिक भवन छन् । केन्द्रको जमिनमा रेशम कीराको उत्पादन घट्दो छ। सरकारले विसं २०३२ सालमा स्थापना गरेको कार्यालयअन्तर्गत हाल एक सय २६ रोपनी जग्गामा यसको बनाएको छ । केन्द्रले हाल रेशम कीराको मातृ स्रोतलाई संरक्षण गर्ने, रेशम खेतीका लागि आवश्यक किम्बूका बिरुवाको जातलाई जोगाउँदै व्यवस्थापन गर्ने र यससम्बन्धी आवश्यक तालिम सञ्चालन गर्ने काम गरिरहेको धितालले बताउनुभयो । साथै, प्रदेश र जिल्लास्थित स्थानीय तहसँग समन्वय गरी रेशम कीराबारे प्राविधिक र




विस्तार गरिएको छ । सुरुमा रेशमखेती परियोजना महाशाखा हुँदै हाल रेशमखेती विकास केन्द्रमा रुपान्तरण गरिएको हो ।

यहाँ १७ कर्मचारीको दरबन्दी भए पनि १० कर्मचारी छन् । एउटा पुरानो पर्खालले घेरिएको, पुराना केही भवन रहेको यस केन्द्रमा पछिल्ला केही बर्षदेखि सरकारी बजेट घटाईएका कारण उत्पादन घट्दै गएको बताइन्छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत सञ्चालित केन्द्रले कुनै समय देशभर रेशमखेती विस्तार र यसमै सम्बन्धित नयाँ-नयाँ कार्यक्रम ल्याई किसानलाई रेशम खेतीतर्फ प्रेरित गराउँदै आएको थियो । जनशक्ति अभाव र वर्सेनि घट्दो बजेटले पहिलाको स्तरमा उत्पादन गर्न नसकेको केन्द्र प्रमुख कृष्ण धिताल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “हामी बजेट र जनशक्तिअनुसारको उत्पादनमै लागेका छौँ ।”

उहाँका अनुसार केन्द्रलाई पहिलाकै रुप दिन सरकार ीस्तरबाट ठूलो योजना बनाउनुपर्छ । यही जनशक्तिबाटै केन्द्रले यहाँ च्याउ खेतीको योजना व्यवस्थापकीय पक्षबारे सचेतना गराउने कार्यालयको उद्देश्य छ । सरकारले ठूलो लगानी गरेको कार्यालयबाट लगानी अनुसार प्रतिफल भने लिन सकेको छैन ।

कार्यालयले हाल यहाँ ३५ जातका रेशम कीराका माउको संरक्षण गरिरहेको जनाएको छ । यी माउ कीरा जापान, चीन, कोरियाबाट ल्याइएको धितालले बताउनुभयो । “ती माउ पुस्ताको संरक्षण गरी किसानलाई वितरण गरिरहेका छौँ”, उहाँले भन्नुभयो । उहाँका अनुसार पछिल्लो चरणमा त्यस्ता माउहरुलाई क्रसिङ गरेर नयाँ जात उत्पादन गर्ने काम भइरहेको छ । किसानले विशेष गरी बायोभोल्टाइन जातका कीरा पालिरहेका छन् । ती कीरा पनि हाईब्रिड बनाएर किसानलाई दिइने गरिएको छ ।

किम्बूको बोटबाट आहार विकास गरी रेशम कीरापालनबाट प्राप्त कोया प्रशोधन गरी रेशम धागो उत्पादन गर्ने कार्यको एकीकृतरूपलाई रेशमखेती भनिने गरिएको हो । किम्बू खेती (आहार विकास), कीरापालन तथा कोया उत्पादन र कोया प्रशोधन (रिलिङ) यसको प्रक्रिया मानिने धितालले बताउनुभयो । उहाँका अनुसार रेशम जसलाई रेशाको रानी पनि भनिने यो सुन्दर मुलायम, चम्किलो र बलियो हुन्छ । रेशमको यिनै भौतिक एवं प्राकृतिक गुणका कारणबाट यसको तुलनामा कुनै कृत्रिम रेशा आउन सकेका छैनन् ।

यहाँबाट रेशम कीराका अण्डा बाकसमा राखेर देशभरबाट माग आएका किसानलाई प्रतिबाकस रु ५० मा उपलब्ध गराइन्छ । एक बाकस बराबर करिब २० हजार अण्डा हुने र हरेक वर्ष कार्यालयले चार सय बाकस कीरा किसानलाई दिने गरेको धितालले जानकारी दिनुभयो । उहाँका अनुसार केही वर्षअघिसम्म वार्षिक तीन हजार आठ सय बाकससम्म कीराका अण्डा वितरण गर्दै आएको थियो ।

किम्बू खेतीगर्ने किसान घटेकाले कीरा पाल्ने पनि घटेको केन्द्रले जनाएको छ । “उत्पादित कोया जतिसक्दो छिटो प्रशोधन गर्न सकिएन भने यसबाट पुतली बन्ने भएकाले किसानले जोखिम लिन नचाहेकाले यसप्रतिको आकर्षण घटेको हुनसक्छ”, धितालले भन्नुभयो । केन्द्रले किम्बू खेतीका लागि २२ जातको संरक्षण गरिरहेको छ ।

भूकम्पले क्षतिग्रस्त केन्द्रका केही भवन मर्मत गरेर काम चलाइएको छ भने धागो प्रशोधन गर्ने मेसिन बिग्रिएकाले कार्यालय परिसरमै थन्किएको छ । कुनैबेला रेशम खेतीका लागि देशकै एक मात्र प्रयोगशालाका रुपमा परिचित केन्द्रमा लक्ष्य अनुसार काम नुहँदा अर्बौंको सरकारी लगानी प्रयोगविहीन भएको हो । केन्द्रलाई पुनःजागरण गराउन सके उत्पादन बढ्दै रोजगारीको अवसर बढाउन सकिने र हरेक वर्ष रेशम धागो आयातका लागि सरकारले गरेको करोडौँ लगानी रोक्न सकिने जनाइएको छ ।

अन्तर्राष्ट्रिय बजारमा मागको तुलनामा रेशमको आपूर्ति ज्यादै न्यून रहेको पाइन्छ । नेपालमा हरेक वर्ष ८० करोड बराबरको धागो आयात हुने गरेको तथ्याङ्कले देखाएको छ ।रासस

# एमसिए-नेपालद्वारा तीनवटै ४०० केभी सबस्टेशनको निर्माण सम्झौता सम्पन्न




काठमाण्डु । मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल)ले तनहुँको दमौलीमा ४०० केभी क्षमताको नयाँ दमौली सबस्टेशन निर्माणका लागि भारतको टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ लिमिटेडसँग ३ दशमलव ८८ करोड अमेरिकी डलरको ठेक्का सम्झौता बुधबार सम्पन्न भएको घोषणा गरेको छ ।

यो सम्झौतासँगसँगै एमसीसी नेपाल कम्प्याक्टअन्तर्गत निर्माण गर्न लागिएका तीनवटै ४०० केभी सबस्टेसन निर्माणसम्बन्धी सम्झौता सम्पन्न भएको छ । निर्माण सम्पन्न भएपछि नयाँ दमौली सबस्टेसन पनि सोही कम्पनीसँग गत जेठमा निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर गरिएको रातमाटे सबस्टेसन जस्तै एक हजार मेगा भोल्ट एम्पिएर क्षमताका नेपालकै ठूला सबस्टेसनमध्ये एउटा बन्नेछ । उक्त नयाँ दमौली सबस्टेसनले रातमाटे, लेखनाथ र नयाँ बुटवल सबस्टेसनबीच विद्युत् प्रसारणका लागि महत्त्वपूर्ण सेतुका रूपमा काम गर्नेछ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्प्सन, एमसिए-नेपालका सञ्चालक समितिका सदस्यहरू, टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङका प्रबन्ध निर्देशक पदमप्रकाश गुप्ता, नेपाल विद्युत् प्राधिकरण, एमसीसी र एमसिए-नेपालका अधिकारीको समुपस्थितिमा बुधबार आयोजित एक समारोहमा एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ लिमिटेडका व्यापार निर्देशक राजीव अग्रवालले उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै ऊर्जामन्त्री खड्काले यी तीनवटै सबस्टेसनले नेपालको विद्युत् वितरण प्रणालीको सशक्तीकरणमा महत्त्वपूर्ण योगदान गर्दै आर्थिक समृद्धिका लागि मार्गप्रशस्त गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले आयोजना समयमै सम्पन्न गर्नका लागि सशक्त पहल गर्न पनि सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई आह्वान गर्नुभयो ।समारोहमा अर्थ मन्त्रालयका सचिव एवं एमसिए-नेपाल सञ्चालक समितिका अध्यक्ष डा रामप्रसाद घिमिरेले भन्नुभयो, “यो प्रगति एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनका लागि एमसिए-नेपालले गरेका निरन्तर प्रयासको राम्रो सङ्केत हो । नेपालको फैलँदो ऊर्जा क्षेत्रका लागि यी तीनवटा सबस्टेसन महत्त्वपूर्ण छन् र यिनीहरूले नेपालको आर्थिक विकासका लागि आवश्यक औद्योगिक र व्यापारिक क्रियाकलाप विस्तार गर्न भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्नेछ ।”

अमेरिकी राजदूत थम्प्सनले भन्नुभयो, “बुधबार नेपाल सरकार, अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र एमसिए-नेपालसँग काँधमाकाँध मिलाउँदै यो आयोजनाको प्रगति र नेपालको सुन्दर भविष्य निर्माणका लागि यहाँहरू सबैले निर्वाह गर्नुभएको महत्वपूर्ण भूमिकाको म प्रशंसा गर्दछु ।”उहाँले अगाडि थप्नुभयो, “समावेशी एवं दिगो आर्थिक विकासमार्फत नेपालको घरघरमा ऊर्जा पुऱ्याउन, नेपाली अर्थतन्त्रलाई थप ऊर्जा प्रदान गर्न, रोजगारी सिर्जना गर्न र गरिबी न्यूनीकरण गर्न नेपालसँग सहकार्य गर्दै एमसीसी नेपाल कम्प्याक्ट हाम्रो साझा सफलताको कथाको महत्वपूर्ण अङ्ग बन्दैछ ।”

एमसिए-नेपालका कार्यकारी निर्देशक विष्टले भन्नुभयो, “एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनमा गएको पहिलो वार्षिकोत्सवको पूर्वसन्ध्यामा तीनै वटा सबस्टेसन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर हुनु महत्वपूर्ण कोसेढुङ्गा हो । यस अवसरमा म नेपाल सरकार, हाम्रा महत्वपूर्ण सरोकारवाला निकाय अर्थ मन्त्रालय, एमसिए-नेपाल सञ्चालक समिति, नेपाल विद्युत् प्राधिकरण तथा एमसीसीलाई निरन्तर सहयोगका लागि धन्यवाद ज्ञापन गर्दछु ।”एमसीसी नेपाल कम्प्याक्टले विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीन वटा सबस्टेसनका अतिरिक्त काठमाडौंको लप्सीफेदीदेखि नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) स्थित नेपाल-भारत सीमासम्म ३१५ किमि लामो प्रसारण लाइन निर्माण गर्न आर्थिक सहयोग गर्दैछ ।

अहिले १८ किमी लामो सीमापार प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्रहरूको मूल्याङ्कन कार्य भइरहेको छ । एमसिए-नेपालले यसको निर्माण सम्झौता यही साउनमा गर्ने लक्ष्य लिएको छ । त्यस्तै बाँकी २९७ किमी प्रसारण लाइन निर्माणका लागि यसैवर्ष यथाशीघ्र पुनः बोलपत्र आह्वान गर्ने तयारी भइरहेको छ । एमसिए-नेपालले सडक मर्मत आयोजनातर्फ फूल डेप्थ रिक्लेमेसनसम्बन्धी खरिदका लागि यही वर्षको भदौभित्र बोलपत्र आह्वान गर्ने तयारी गरेको छ ।रासस

# नेप्सेमा करिब २२ अर्बको कारोबार



काठमाण्डु । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उल्लेख्य वृद्धिसँगै उच्च रकमको कारोबार देखिएको छ । बुधबार नेप्से परिसूचक ६४ दशमलव २५ अङ्कले बढेर दुई हजार सात सय ६० दशमलव ९१ विन्दुमा कायम भएको छ । नेप्से परिसूचकको वृद्धिसँगै बुधबार शेयरबजारमा रु २१ अर्ब ९१ करोड १५ लाख तीन हजार एक सय ६१ बराबरको कारोबार भएको छ । बुधबारको कारोबार रकम अहिलेसम्मकै धेरै हो । यस अघि विसं २०७८ साउन ३१ गते रु २१ अर्ब ६४ करोड बराबरको कारोबार भएको थियो । त्यसयता कारोबार रकमले उक्त ‘रेकर्ड’ तोड्न सकेको थिएन । बुधबार उक्त ‘रेकर्ड’ तोड्दै कारोबार रकमले नयाँ ‘रेकर्ड’ कायम गरेको हो ।

बुधबार तीन सय ३२ कम्पनीको पाँच करोड नौ लाख कित्ता शेयर दुई लाख ३८ हजार दुई सय ७२ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु २१ अर्ब ९१ करोड १५ लाख तीन हजार पुगेको हो । बुधबार कारोबारमा आएका कम्पनीमध्ये एक ९१ वटा कम्पनीको शेयर मूल्य बढ्दा आठ वटा कम्पनीको मूल्यमा १० प्रतिशतको वृद्धिसहित सकारात्मक सर्किट लागेको छ । बढ्नेमा अधिकांश वित्त र लगानी समूहका कम्पनीहरु छन् । बुधबारको कारोबारबाट सबै समूहको उपसूचक बढेको छ ।

बुधबारको कारोबारमा ४४ कम्पनीको शेयर मूल्य सामान्य घटेको छ । कारोबार रकमका आधारमा हिमालयन र- इन्स्योरेन्स कम्पनी सबैभन्दा अगाडि छ । यो कम्पनीको रु ८४ करोडको शेयर कारोबार हुँदा माउन्टेन इनर्जीको ४१ करोड रुपैयाँको शेयर कारोबार भएको हो ।रासस

# सयौँ रोपनी धानखेतमा बाढी पस्यो




काठमाण्डु । निरन्तरको वर्षाका कारण नुवाकोटको पञ्चकन्या गाउँपालिका-५ स्थित भद्रुटारमा बाढी र पहिराले लाखौँको क्षति गरेको छ ।वर्षासँगै स्थानीय खहरे खोलामा आएको बाढीका कारण त्यस क्षेत्रका एक दर्जनभन्दा पनि घरपरिवार जोखिममा परेका छन् भने सयौँ रोपनी धान खेत कटानको जोखिममा छ । त्यसैगरी बढीसँगै आएको पाँगो र गेग्र्यान माटो धान खेतमा थुप्रिएको छ ।

खोलाले खेतीयोग्य जमिन कटान गर्नुका साथै आसपासका घर जोखिममा परेको र स्थानीय निरन्तर जोखिममा बस्नुपरेको प्रभावित पुरुषोत्तम सिटौलाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “निरन्तरको वर्षासँगै आएको बाढीका कारण यहाँका दर्जनौँ घरपरिवार जोखिममा परेका छन् । यहाँको कैयौँ खेतीयोग्य जमिनमा कटानमा परेको छ भने केही दिनअघि रोपाइँ सम्पन्न गरेको धान खेतमा गेग्र्यान थुप्रिएको छ ।”

उहाँका आफ्नोसँगै स्थानीय मिलन तामाङ, रामहरि खतिवडा, एकप्रसाद खतिवडा, पुरुषोत्तम खतिवडा, गायत्री खतिवडा, बद्री खतिवडा, कुलबहादुर तामाङ, गोकर्ण पौडेललगायत पहिरो र कटानको खोजीममा परेका छन् । उनीहरू खेतमा बाढी पसेको छ भने घर वरपरको जमिन कटान हुँदा जोखिम बढेको छ । “बाढी र पहिराले निम्त्याएको जोखिम र क्षतिबारे स्थानीय सरकारलाई जानकारी गराएका छौँ । वडाध्यक्षले प्रभावित क्षेत्रको अवलोकन गर्नुभएको छ”, स्थानीय सिटौलाले भन्नुभयो, “खेतमा पानी लैजाने पक्की कुलो सबै खोलाले बगाएको छ । त्यतिमात्र होइन बस्ती नै जोखिमा रहेको छ ।” बस्तीमाथि हिउँदमा अन्धाधुन्ध ‘डोजर’ प्रयोग गरेर बाटो सडक खन्ने र राम्रोसँग तारजाली नबनाउने गरेका कारण तटीय क्षेत्रका बस्ती जोखिममा परेको प्रभावित बद्रीनाथ खतिवडाले बताउनुभयो । उहाँका अनुसार स्थानीय ठाउँठाउँमा पहिराको जोखिम छ । उक्त क्षेत्रमा जनताले खोला नियन्त्रण एवं पहिरो र बाढीबाट प्रभावितलाई राहत उपलब्ध गराउनुपर्नेमा माग गरेका छन् । यहाँका स्थानीयले बस्तीमाथि सडक एवं पूर्वाधार निर्माण गर्दा तटीय क्षेत्रको जोखिमलाई ध्यान नदिएको भन्दै विरोध गरेका छन् ।रासस

# कागतीको उत्पादन छ बजार छैन



झापा ।कागतीको व्यावसायिक खेती र पर्याप्त उत्पादन भइरहे तापनि बजार अभाव र रोगको प्रकोपका कारण किसान निराश हुन थालेका छन् । भारतबाट आयात हुने कागतीलेसमेत स्थानीय उत्पादनको बजारमा समस्या सिर्जना गरेको किसानहरुको भनाइ छ ।

कृषि ज्ञान केन्द्र झापाका सूचना अधिकारी चेतनाथ भण्डारीले झापामा आर्थिक वर्ष २०७६/७७ मा एक सय ७८ हेक्टर, आव २०७७/७८ मा दुई सय चार हेक्टर, आव २०७८/७९ मा तीन सय हेक्टर, आव २०७९/८० मा तीन सय हेक्टर र आव २०८०/८१ मा दुई सय ७० हेक्टर क्षेत्रफलमा कागतीखेती भएको बताउनुभयो । आव २०७९/८० देखि जिल्लामा कागती खेतीको क्षेत्रफलमा कमी आउन थालेको छ ।

उहाँका अनुसार जिल्लामा आर्थिक वर्ष २०८०/८१ मा एक हजार चार सय आठ मेट्रिक टन कागती उत्पादन भएको छ । उत्पादकत्व प्रतिहेक्टर पाँच दशमलव ७५ मेट्रिक टन रहेको छ । “जिल्लाको माग धान्ने गरी उत्पादन हुने गरेको छ,” उहाँले भन्नुभयो, “किसानहरु बिक्रीमा समस्या आएको बताउनुहुन्छ । बजारीकरणका बारेमा गम्भीर भएर सोच्ने बेला आइसकेको छ ।”

सरकारले कागतीखेतीलाई प्रोत्साहित गर्ने नीति ल्याएपछि किसानले धान खेत मासेर कागतीका बिरुवा रोपेका थिए । तत्कालीन कृषि विकास कार्यालयले तालिम, बिरुवा र मल दिने नीति ल्याएको थियो । पछि कृषि ज्ञान केन्द्रले कागतीमा मुलुकलाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ थप प्रोत्साहनका कार्यक्रमहरु ल्यायो । कागतीखेतीमा होमिएका किसानले बिरुवा, मल र सीप पाए पनि उचित बजारको व्यवस्था सरकारले गर्न नसकेको गुनासो गर्दै आएका छन् । पछिल्लो समय किसान साना गाडी लिएर गाउँ गाउँमा कागतीका पोका बेच्दै हिँड्न बाध्य छन् ।

पूर्वीनाका काँकडभिट्टाबाट आर्थिक वर्ष २०८०/८१ मा रु छ करोड २७ लाख २० हजारको आठ सय ९६ मेट्रिक टन कागती भारतबाट भित्रिएको प्लान्ट क्वारेन्टिन कार्यालयले जनाएको छ । “चियाका बोट मासेर कागतीको व्यावसायिक खेती थालेको थिएँ,” विर्तामोड-६ का कमलराज बिमलीले भन्नुभयो, “सुरु सुरुमा त राम्रो फल्यो र आम्दानी पनि राम्रै पाइयो तर पछिल्लो समय रोगले बोट मास्न थाल्यो । भारतबाट सस्तो मूल्यमा भित्रिने कागतीले स्थानीय उत्पादनको बजार खर्लप्पै खान थालेको छ ।” कागतीको बोटमा टुप्पो सुक्ने प्रकोप देखापरेको उहाँले बताउनुभयो । विगत एक वर्षमा कागतीका चार सय बोट सुकेर मरेको उहाँको भनाइ छ ।

झापामा कम्तीमा तीन सय किसानले कागतीको व्यावसायिक खेती गर्दै आएका छन् । केही सहकारी संस्थाले आफैँ र आफ्ना सदस्यलाई पनि यस खेतीमा लगाएका छन् । झापामा सुन-१, सुन-२, मद्रासी, युरिका र एनपीआरपी-५५ जातको कागतीखेती हुँदै आएको छ । कागतीको उत्पादन बढेपछि यसलाई कच्चापदार्थका रुपमा प्रयोग गर्ने अचार र जुसलगायत ठूला उद्योगहरु स्थापना नहुँदा किसानले सोचेजस्तो आम्दानी लिन सकेका छैनन् ।

बुद्धशान्ति गाउँपालिका-२ का रामप्रसाद उप्रेतीले एक बिघा जमिनमा लगाएको कागतीले विगत चार वर्षदेखि उत्पादन दिइरहेको छ । वार्षिक रु पाँच लाखको कागती बेच्दा आधा रकम नाफा हुने उहाँले बताउनुभयो । “आम्दानी नै नहुने खेती त होइन,” उप्रेतीले भन्नुभयो, “धानखेतीको तुलनामा दश गुणा बढी आम्दानी हुँदोरहेछ तर अहिले बजार पाउन गाह्रो हुँदै गयो ।” उहाँले कागती बारीमा सुपारीखेती गरेर थप आम्दानी लिनुभएको छ । दुईजनालाई बाह्रै महिना कामदारका रुपमा रोजगारी दिनुभएका उहाँले बोटबाटै प्रतिगोटा रु तीनमा व्यापारीले कागती किन्ने गरेको बताउनुभयो । धान र अरू खेतीमा जस्तो खर्च ज्यादा नहुने भएकाले कागती सहज रुपमा बिक्री हुने वातावरण बन्ने हो भने फाइदै फाइदा हुने उहाँको अनुभव छ ।

सिजन अनुसार मल, सिँचाइ, गोडमेल र फल टिप्दा स्थानीयले थप रोजगारी प्राप्त गरेका छन् । मेचीनगर, बुद्धशान्ति, विर्तामोड, अर्जुनधारा र गौरादह कागतीखेतीका लागि उर्वर पालिका बनेका छन् । कचनकबल-२ का जगदीश राजवंशीले बजार र प्रकोपबाट पीडित भएर कागतीखेती मास्न बाध्य भएको बताउनुभयो । उहाँको खेतमा हजुर बुबाको पालादेखि कागतीखेती हुने गरे तापनि व्यावसायिकखेती भर्खर गरिएको थियो । “दुई वर्षअघि ठूलो हावाहुरी र असिनाले क्षति पुऱ्याएपछि कागतीखेती मास्नु पर्‍यो,” उहाँले भन्नुभयो, “किसानको क्षति हुँदा क्षतिपूर्ति दिने ठाउँ हुँदोरहेनछ । मैले कागतीबाट राम्रै आम्दानी पाएको थिएँ ।”

जमिनको सतहबाट दुई मिटरसम्म चट्टान नभएको, पानी नजम्ने, प्रशस्त प्राङ्गारिक पदार्थ भएको पिएच पाँच दशमलव पाँच देखि छ दशमलव पाँचसम्म भएको दोमट माटो कागतीखेतीका लागि सबैभन्दा उपयुक्त मानिन्छ । रासस


## नरहा गाउँपालिका
## नरहा, सिरहा
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१७**

यस गाउँपालिकाको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# नागरिकता मुद्दामा अग्रवाल पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । नागरिकता सम्बन्धीको दर्ता मुद्दामा बुधवार दिउँसो एक जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्सामा ६ वर्ष अगाडि दर्ता भएको नागरिकता सम्बन्धी मुद्दामा प्रहरीले एकजना भारतीयलाई पक्राउ गरेको छ।



प्रहरीले नागरिकतासम्बन्धी मुद्दामा वीरगञ्ज महानगरपालिका वडा नम्बर १३ मा बस्दै आएका निरञ्जन अग्रवाललाई पक्राउ गरेको छ । वीरगञ्ज महानगरको आदर्शनगरबाट बुधबार अग्रवाललाई पक्राउ गरिएको पर्सा प्रहरी प्रमुख कुमोध ढुंगेलले बताए।

उनले जनाए अनुसार ०७६ साल चैत १४ गते अग्रवालमाथि नागरिकता सम्बन्धी मुद्दा दर्ता भएको थियो। सोही मुद्दा अन्तर्गत खोजबिन गर्ने क्रममा अग्रवाल पक्राउ परेको प्रहरी उपरीक्षक ढुंगेलले बताए।

पर्सा प्रहरीमा परेको जाहेरीमा अग्रवालको मूल निवास राजस्थान रहेको भनिएको छ। तर पर्साबाट गलत विवरणको आधारमा उनले ०६३ सालको फागुन १८ गते नागरिकता प्राप्त गरेको जिल्ला प्रशासन कार्यालयको रेकर्डले जनाएको छ।

पक्राउ परेका अग्रवाललाई जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखिएको उनले बताए । उनलाई नागरिकता सम्बन्धी मुद्दामा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ।

# पूर्वपश्चिम लोकमार्ग अवरुद्ध



**टुडे समाचारदाता**

बर्दिबास। चुरे क्षेत्रमा मंगलबार राति परेको वर्षाका कारण ढुंग्रे खोलामा आएको बाढीले सडक कटान गर्दा पूर्वपश्चिम लोकमार्ग अवरुद्ध भएको छ । सो लोकमार्ग अवरुद्ध भएपछि निर्माण कार्य पनि भइरहेको छ।

बाढीले बर्दिबास-५ स्थित जंगली क्षेत्रमा पर्ने फबेलगाछी पुलको पश्चिमतर्फको अप्रोच कटान गर्दा लोकमार्गमा आज रातिदेखि दुइतर्फी आवागमनमा समस्या भएको छ। बाढीले कटान जारी राखेकोले प्रहरीले पूर्वतर्फको गाडीलाई गौशाला रोड र पश्चिमतर्फका सवारीलाई लक्ष्मिनिया चोकबाट हुलाकी सडक हुँदै गन्तव्यतर्फ पठाएको छ।

इलाका प्रहरी बर्दिबासका डिएसपी रेवतीरमण पोखरेलले जनाए अनुसार जंगली क्षेत्रमा सडक कटान गरेकोले रातिदेखि नै घटनास्थलमा व्यापक सुरक्षा परिचालन गरिएको छ । कटान क्षेत्रमा सडक कार्यालयले बिहानदेखि मर्मतसम्भारको कार्यलाई अघि बढाएको छ।

सडक डिभिजन कार्यालय जनकपुरका डिइ दीपककुमार झाले मर्मत कार्य तीव्रगतिमा भइरहेको बताए । उनले बाढीले १० मिटर लम्बाइ र करिब अढाई मिटर गहिरो खाल्डो पारेकोले अपरान्हपछि मात्र लोकमार्ग खुल्न सक्ने सम्भावना रहेको बताए।

# मधेश प्रदेशमा ईगभर्नेन्स कार्यान्वयनका लागि छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा ईगभर्नेन्समार्फत सार्वजनिक निकायले गरिरहेको कामलाई प्रभावकारी बनाउनका लागि लागू गर्ने भएको छ।



मधेश प्रदेश सरकारले सार्वजनिक निकायले सेवाग्राहीलाई दिँदै आएको सेवालाई थप प्रभावकारी, सहजता र छिटोछरितो बनाउनका लागि अनलाइनमार्फत डिजिटलाइजेसन गर्दै ईगभर्नेन्स लागू गर्ने नीति आयोग मधेश प्रदशका उपाध्यक्ष सोहन साहले जानकारी दिए।

उनका अनुसार सो ईगभर्नेन्स लागू भएमा हरेक स्थानीयनिकायमा परियोजनामार्फत लागू गरिने छ।

यस माध्यमबाट मधेश प्रदेशमा रहेको अत्यावश्यक सार्वजनिक कार्यालय, सेवाग्राहीको कामकाजलाई प्रभावकारी बनाउन, छिटोछरितो र सेवाप्रवाहका लागि ईगभर्नेन्स एप कार्यान्वयन गर्नेतर्फ हामीले प्रदेश सरकारसंग पहल थालेको उनले बताए।

त्यस्तै मधेश प्रदेशमा विकास निर्माणलगायतका काम गर्ने गैरसरकारी संस्था, अन्तर र्राष्ट्रिय गैरसरकारी संस्थाहरुको तथ्यांक संकलन गर्ने तयारी भइरहेको छ। उनीहरुसंग समन्वय गरी मधेश प्रदेशमा आवश्यकता अनुसार काममा लगाउने तयारी रहेको उनले बताए।

सो कार्यक्रममा मुख्यमन्त्री सतीशकुमार सिंह, मुख्यसचिव, विभिन्न मन्त्रालयका सचिवलगायतकाहरुको समेत सहभागिता रहेको थियो।

# वन पैदावारविरुद्ध संलग्न ३ जनामाथि मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय वन क्षेत्रवाट अवैध रुपमा वन पैदावारको उत्खनन् तथा ओसार पसरारमा कार्यमा संलग्न रहेका तीनजना माथि डिभिजन वन कार्यालय धनुषाले अदालतमा मुद्दा दिएको छ।

धनुषा जिल्लाको राष्ट्रिय वन क्षेत्रमा अबैध रुपमा वन पैदावारको उत्खनन् गरेर ओसार पसार गर्दै आएको सूचनाको आधारमा वन कर्मचारी तथा प्रहरीको संयुक्त टोलीले पक्राउँ गरेका जेसीवि र क्रसर उद्योगका सञ्चालकका विरुद्धमा धनुषा जिल्ला अदालतमा मुद्दा दायर गरेको डिभिजन वन कार्यालय धनुषाका प्रमुख बेचन चौधरीले जनाएका छन्।

वन क्षेत्रवाट वरामद भएका जेसीवी र बालुवा जनकपुरधाम उपमहानगरपालिका वडा नं १९ स्थित बेंगाशिवपुरमा जयबजरंग बालुवा प्रशोधन उद्योग सञ्चालन गर्दै आएका बेचन ठाकुर बरही, रामबाबु ठाकुर र कमला नदिमा क्रसर उद्योग सञ्चालन गर्दै आएका ३७ वर्षीय संजय शर्माको रहेको खुलेकाले तीनै जनालाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ।

धनुषाको बेलडाडा वन क्षेत्रमा बालुवा उत्खनन् कार्यमा संलग्न रहेको अवस्थामा दुई थान नम्बर नखुलेका जेसीवी र उत्खनन् गरेर जम्मा गरेको बालुवा कमला सब वन डिभिजन कार्यालय गोदार स्थानीय प्रहरीका टोलीले बरामद गरेर डिभिजन वन कार्यालयमा जाहेरी दिएपछि सोही आधारमा मुद्दा दायर गरेको डिभिजन वन कार्यालयले जनाएको छ।

राष्ट्रिय वन क्षेत्रवाट २०८० जेठ २ गते दुई थान जेसीबिसहितका सामाग्रीहरु स्थानीय बाँसीको सहयोगमा नियन्त्रण लिएर अनुसन्धान अगाडी बढाउने काम भएको छ। बरामद भएका जेसीवी र तीनका सञ्चालक माथि एक वर्षपछि मुद्दा दायर गर्ने काम भएको छ।

दायर गरेको मुद्दामा प्रतिवादी बनाएका तीनै जना हाल फरार रहेको उल्लेख रहेको छ । वन क्षेत्रवाट उत्खनन् गरेर जम्मा गरेका वालुवा डिभिजन वन कार्यालयले जफत गरेका थिए। बरामद भएको जेसीवि लिलामीको माग गर्नुका साथै वन पैदावारको परिमाणको आधारमा विपक्षीवाट १ लाख ५५ हजार जरिवानाको माग दावी गरिएको छ।

# मृत्युको मुखमा पुगेका वृद्धको शल्यक्रिया पछि जोगियो ज्यान

**मनोज माझी**

राजविराज । रोगबारे सही पहिचान "डाइग्नोसिस" गर्न चिकित्सकले बेवास्ता गर्दा बिरामीले कतिसम्म आर्थिक, मानसिक र शारिरीक दुःख खेप्नु पर्द रहेछ भन्ने उदाहरण राजविराज- ९ स्थित मलेठका महम्मद मजिदलाई देख्दा नै अवस्था स्पष्ट हुन्छ।

६ महिना अघि अचानक मुखको भित्रि भाग दुःख्ने र पछि गएर घाउ भई खाना खान समेत समस्या भएपछी उनी राजविराज, विराटनगर र धरानमा एक पछि अर्को चिकित्सकलाई देखाउदै औषधि खाइरहे । तर, समस्या घट्नुका साटो झनै बढ्दै गयो । राजविराज- ३ स्थित प्रज्ञा प्रिन्टिंग प्रेसमा मजदुरको रुपमा कार्यरत ६१ वर्षीय मजिदको उपचार खर्च र रोग बढ्दै गएपछी उनको परिवार थप तनावमा परे।



विपन्न परिवारका मजिदलाई विभिन्न अस्पतालमा उपचार गराउँदा ९ लाख रुपैयाँ ऋण पनि लाग्यो। तर न त रोग निको भयो न त रोग नै पत्ता लाग्यो । यसैबीच केही जानकार आफन्तले मजिदलाई स्वास्थ्य परिक्षणका लागि काठमाण्डु लैजान सल्लाह दिए। उपचारका क्रममा ९ लाख रुपैयाँ ऋणको भारीमा डुबेका मजिद परिवार फेरी बैंकमा जग्गा धितो राखी ३ लाख रुपैया ऋण उठाई गत असार ३ गते काठमाण्डौ पुगे।

काठमाण्डु स्थित नेशनल एकेडेमी अफ मेडिकल साइन्स विर अस्पतालका बरिष्ठ नाक, कान, घाटी क्यान्सर रोग विशेषज्ञ डा.ऋषीकेश ठाकुर नेतृत्वको टिमले भर्ना भएको भोली पल्टै विहान ११ बजे तिर शल्यक्रिया गरे।

उनले भने, "अपरेशन सक्न १३ घण्टा लाग्यो, डा.ठाकुरले भने-शल्यक्रिया आफैमा जटिल थियो। त्यसमाथी ६१ वर्षिय बृद्धलाई १३ घण्टा सम्म बेहोश बनाएर राख्नु चुनौतिपुर्ण थियो। तर टिम वर्क र अनुभवका कारण सफल शल्यक्रिया भयो।"

अहिले मजिदको अवस्थामा निकै सुधार आईसकेको छ। प्लास्टिक सर्जरीबाट उनको शल्यक्रिया गरिएको र केही समय पछी थप उपचार र परिक्षणका लागी आउने गरी डिस्चार्ज गरिएको डा.ठाकुरको कथन छ।

मुखको क्यान्सरको यस्तो प्रकारको शल्यक्रिया यस अस्पतालमा यस अघि पनि गरिएको उनले बताए। मुखको क्यान्सरको उपचार र शल्यक्रियाको क्रममा हडडी, नशा, मासुको अवस्थालाई हेरेर गर्नू पर्ने भएकाले उपचार संवेदनशील र जटिल हुन्छ, उनले भने-ढिलो गरेर उपचारका लागी आएपनि रोग पत्ता लागेपछी १३ घण्टा लामो शल्यक्रिया पश्चात मजिदलाई बचाउन सफल भयौं।"

उनले मजिदको रोगबारे यस अघि चाँच गरेका चिकित्सकहरुले यकिन गर्न न सक्दा रोग बढ्दै गई जटिल अवस्थामा पुगेको र यसले मजिद संगै परिवारजन समेतलाई आर्थिक, मानसिक र शारिरीक पीडा भोग्नु परेको बताए।

दोश्रो चरणमा भने अब मजिदको भक्तपुर क्यान्सर अस्पतालमा दुःखाई र उनको जीवनशैलीमा सुधारबारे उपचार हुने भएको परिवारजनले जनाएको छ । २० दिनको लामो उपचार पछी डिस्चार्ज भई बुधवार घर आइपुगेका मजिदले अब मुख भित्रको घाउ निको भएको र थोरै थोरै गरी खाना खान पनि सहज हुदै गएको बताए।

घर फर्किएका श्रीमानलाइ देखाउँदै श्रीमती हकिमा खातुनले भनिन-"श्रीमानको सहि उपचार भयो। निको हुन लागेको देख्दा धेरै खुशी लागेको छ।"

अस्पतालले परिवारको आर्थिक अवस्था कमजोर देखेर शल्यक्रिया, आईसियु, बेड तथा औषधि खर्चमा समेत विषेश छुट गरी २ लाख रुपैयाँ मात्र लिएको उनले बताइन् । उनले सो अस्पताल सम्म पुग्न र उपचार खर्चमा सहुलियत गराउन भक्तपुर क्यान्सर अस्पतालका क्यान्सर दुःखाई रोग विषेशज्ञ डा.विकास आनन्दले निकै सहयोग गरेको बताए । उपचारको दोश्रो चरणमा अबको एक साता पछि डा.विकास आनन्दकै निगरानीमा क्यान्सर रोगले पुर्‍याएको क्षति न्युनीकरण र दुखाइ सम्बन्धि उपचार सुरु हुने मजिदले बताए।

डा.विकास आनन्दले शल्यक्रिया पश्चात मजिद खतरामुक्त अवस्थामा पुगेको बताए।

"मजिदको मुखको भित्री भागमा क्यान्सर रोगले पुर्‍याएको क्षती न्यूनीकरण तथा दुःखाई समस्याको पुर्ण समाधानका लागी अब थप उपचार सूरु गर्छौ, डा.विकास आनन्दले भने-यसमा रेडियोथेरापी, सेकाई लगायतका उपचार पद्धती प्रयोग गरिने छ।

उनले सो उपचार पद्धतीबाट मजिदलाई मुखको क्यान्सर रोग फेरी बल्झिन न दिन तथा उनको खानपीन र जीवन शैलीमा सम्पुर्ण सुधार ल्याउन ठुलो मदत पुर्‍याउने विश्वास समेत व्यक्त गरे।

# कमला नदीबाट तीनजनाको उद्धार

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषास्थित कमला नदीमा फसेका तीनजनालाई उद्धार गरिएको छ।

जिल्लाको सबैला नगरपालिका-१३ स्थित किरतपुरतर्फको कमला नदीमा फसेका तीनजनालाई सकुशल उद्धार गरिएको धनुषा प्रहरीले जनाएको छ।



इलाका प्रहरी कार्यालय सबैलाका प्रहरी निरीक्षक सुन्दर चौलागाईंले सोही ठाउँका १७ वर्षीय राजेश यादव, ४० वर्षीय नथुनी यादव र शिवराम यादवलाई कमला नदीको बीच भागबाट उद्धार गरिएको बताए । उनीहरू बुधबार बिहान दाउरा संकलन गर्न गएको अवस्था एक्कासी बाढीको बहाव बढेपछि नदीमा फसेको उनले बताए।

सशस्त्र प्रहरी बेस क्याम्प रघुनाथपुर र सबैला नगरपालिकाबाट खटिएका नगर प्रहरीको सहयोगमा लाइफ ज्याकेट, ट्यूब र डोरीको सहायताले उद्धार गरिएको प्रहरी निरीक्षक चौलागाईंले बताए। उद्धार कार्यमा सबैला नगरपालिकाका नगरप्रमुख कारीराम यादवले सहयोग गरेका थिए।

# हरिवन नगरपालिकाले ल्याउन सकेन बजेट

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को बजेट अझैसम्म पनि ल्याउन सकेको छैन।



नगरसभा उद्घाटन भएको एक महिना बित्दा पनि आन्तरिक द्वन्द्वका कारण बुधबारसम्म बजेट ल्याउन सकेको छैन।


हरिवनको बजेट तथा योजनामा वडाध्यक्ष र मेयरबीच विवाद देखिएको छ। वडाध्यक्षहरूले बजेटमा ६०/४० तथा समग्रमा बजेट राख्नुको साटो वडा-वडामा शीर्षक छुट्याएर बजेटको माग गरेका छन्। वडाध्यक्षहरूले मेयर रमेश बुढाथोकीले एकमुष्ट नगरबाट बजेट राख्न खोजेकाले विवाद भएको बताए।

हरिवन-३ का वडाध्यक्ष दीपमान लोप्चनले मेयरले एकमुष्ट बजेट राख्न खोजेपछि विवाद भएको जानकारी दिए।

हरिवन-४ का वडाध्यक्ष केशव थापाले ६० प्रतिशत बजेट वडामा र ४० प्रतिशत बजेट पालिकामा राख्नुपर्ने वडाबाट आवाज उठेपछि मेयर बुढाथोकी हच्किएको आरोप लगाए। उनले जारी विवादका कारण कार्यपालिका बैठक नै अनिश्चित बनेको समेत बताए।

आन्तरिक द्वन्द्वका कारण बजेट ल्याउन नसक्दा सामाजिक सुरक्षा भत्ता तथा कर्मचारीको तलब वितरणमा पनि समस्या भएको छ। मेयर बुढाथोकीले जारी विवाद मिलाएर बजेट ल्याउने तयारी भइरहेको जनाइएको छ।

# साधक कामतको स्वास्थ्य नाजुक



**टुडे समाचारदाता**

लहान । सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका-२ स्थित पोखरभिन्डा निवासी शास्त्रीय संगीतकारसमेत रहेका साधक गुरुदेव कामतको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको छ।

६८ वर्षीय कामतको दुवै मिर्गौलाले काम गर्न छोडेपछि दिनप्रतिदिन स्वास्थ्य अवस्था नाजुक बन्दै गएको छ। उनी लहानस्थित रामकुमार शारडा उमाप्रसाद प्रादेशिक अस्पतालमा डायलासिस गराउँदै आएका छन् । उनको सुगर लेभल बढेपछि थप उपचारका लागि बाहिर लैजानुपर्ने अवस्था आएको परिवारजनले बताएका छन्।

कामतका कान्छो छोरा समीर कामतले भने, "आर्थिक अवस्थाले भ्याएसम्म करिब १० लाख रुपैयाँ खर्चिएर उपचार गराइसक्यौं। अब थप उपचारका लागि आर्थिक अवस्थाले भ्याउन सक्ने अवस्था नभएपछि लक्ष्मीपुरपतारी गाउँपालिका र मधेश प्रदेश सरकारसँग पनि अपिल गरेका छौं।"

१० वर्षकै उमेरदेखि गीतसंगीतमा लागेका गुरुदेव कामतले भारतको इलाहबादबाट संगीत सिकेर सयौं शिष्य बनाउनुभएको छ । लहान-११ का पडरिया गाविसका पूर्वअध्यक्षसमेत रहनुभएको मागैन कामत भन्छन्, "संगीतको क्षेत्रमा उनको योगदान उच्च रहेको छ। उहाँको गीतसंगीतले धेरैलाई मोहित पार्ने गर्थ्यो।

कामत २०६१ सालदेखि काठमाडौंमा गुरुकुल शास्त्रीय संगीतालय खोलेर नेपाली, मैथिली, भोजपुरी विभिन्न भाषामा योगदान दिनुभएको थियो। अहिले उहाँको अवस्था नाजुक भएकाले मधेश प्रदेश सरकारले उहाँको उपचारका लागि सहयोग गरियोस् हाम्रो माग छ।"

# लागु औषधसहित युवक पक्राउ

**टुडे समाचारदाता**

रौतहट। रौतहटबाट एकजना युवकलाई लागु औषधसहित प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा ललितपुर महानगरपालिका- ३ स्थित इमाडोलका २१वर्षीय समिर भुसाल रहेको जिल्ला प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन्।

अस्थाई प्रहरी पोष्ट बसपार्क गौरको टोलीले मंगलवार राति चिया पसल अगाडि शंकास्पद अवस्थामा हिँडडुल गरिरहेका भुसालले बोकेको झोला भित्र चेकजाँच गर्दा डाईजिपाम इन्जेक्शन २ एमएलको ९६, नर्फिन इन्जेक्शन ९६, प्रोमेथाजिन फेनारगन ९६ गरी २८८ एमपुल नशालु इन्जेक्शन, नगद १७ हजार ७० रुपैयाँ, भारु १० रुपैयाँ, मोबाइल १ सिमसहित बरामद गरिएको उनले बताइन्।



सो प्रतिबन्धित लागू औषध २८८ एम्पुलसहित सामानहरू बरामद गरी समिर भुसाललाई पक्राउ गरेर लागू औषध मुद्दामा रौतहट रौतहट जिल्ला अदालतबाट अनुमति भई अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा जनाएको छ।

यता जिल्ला प्रहरी कार्यालय तथा मातहतका युनिटहरूले ९ लाख रुपैयाँ बढीको विभिन्न किसिमका अवैध सामान बरामद गरेको जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८